# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक ४२ बिहीबार, १९ चैत २०८२ | SOURYA NATIONAL DAILY | Thursday, 2 April 2026 | पृष्ठ : ८+४ मूल्य रू. ५

# संसद् अधिवेशन आजदेखि

## प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकले नै सभामुख चयनको मिति तोक्ने छ भने आजै दलीय आधारमा सांसदहरूको सम्बोधन र ३ अध्यादेश पनि पेस हुँदै छन्

■ कृष्ण उप्रेती

काठमाडौँ । संघीय संसद्का दुवै सदनको अधिवेशन आज (बिहीबार) सुरु हुँदै छ । गत सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले चैत १९ गते दिनको २ बजे बस्ने गरी बैठक आह्वान गरेका थिए । राष्ट्रपतिले प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ । संसद् विघटनपछि बनेको नयाँ प्रतिनिधिसभाको यो पहिलो अधिवेशन पनि हो । राष्ट्रिय स्वतन्त्र पार्टी करिब दुईतिहाइ बहुमतसहित प्रतिनिधिसभामा उपस्थित हुँदै गर्दा पहिलो अधिवेशनको पहिलो बैठकलाई महत्वका साथ हेरिएको छ ।

राष्ट्रियसभाको अधिवेशन सिंहदरबारस्थित संसद् सचिवालयको यसअघिकै हलमा हुँदै छ भने प्रतिनिधिसभाको बैठक भने नयाँ संसद् भवनको बहुउद्देश्यीय हलमा बस्नेछ । राष्ट्रियसभाको यो २०औँ अधिवेशन भए पनि २१ फागुनको नयाँ जनादेशसहित आएको अहिलेको प्रतिनिधिसभाको भने पहिलो अधिवेशन हो । आजको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) पनि उपस्थित हुनेछन् । प्रधानमन्त्री सचिवालयले यसबारे निश्चित भइनसके पनि सम्भावना बढी रहेको जनाएको छ । संसद् सचिवालयले पनि अघिल्ला अभ्यासहरू र पहिलो अधिवेशनको पहिलो बैठक भएकाले आजको बैठकमा प्रधानमन्त्रीको उपस्थिति हुन सक्ने जनाएको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधिसभा बैठकका लागि सिटक्रम पनि निर्धारण भएको छ । जसअनुसार सभामुखको आसनको अघिल्लो भागको दाहिनेतर्फ सत्तापक्ष, बीचमा सरकार र बायाँतर्फ प्रतिपक्ष रहनेछन् । उक्त व्यवस्थाअनुसार प्रतिनिधिसभामा प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेताको आसन नजिकै रहनेछ । सत्तापक्षको लहरमा मन्त्रिपरिषद्का सदस्य र रास्वपाका सांसद तथा प्रतिपक्षतर्फ १ स्वतन्त्रसहित ९३ सांसद रहनेछन् । २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्षतर्फबाट १६५ तथा समानुपातिकतर्फबाट ११० जना सदस्यको प्रतिनिधित्व हुनेछ । प्रतिनिधिसभामा रास्वपाका १८२, कांग्रेसका ३८, एमालेका २५, नेकपाका १७, श्रम संस्कृतिका ७, राप्रपाका ५ र १ स्वतन्त्र सांसदको उपस्थिति छ । जसमा १७९ जना पुरुष र ९६ जना महिला छन् ।



### ■ २२ गते सभामुखको निर्वाचन, निर्वाचन तालिका आजै

आज बस्ने प्रतिनिधिसभा बैठकमा सभामुख चयनको मिति तय हुनेछ । बुधबार बसेको सर्वदलीय बैठकले चैत २२ गतेका लागि सभामुख चयनको मिति तय गर्नेबारे सहमति गरिसकेको छ । आजको बैठकले उक्त मितिको प्रस्तावलाई टुंगो लगाउनेछ । आजकै बैठकले मिति टुंग्याएमा २० गते उम्मेदवारी दर्ता र २२ गते निर्वाचन हुनेछ । संसद् सचिवालयका अनुसार आजकै बैठकले सभामुख चयनको प्रस्ताव पारित गर्नेछ । 'भोलि नै सभामुखको चयनबारे मिति टुंगो लाग्छ । त्यसपछि हामी निर्वाचन तालिका प्रकाशित गर्छौं,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने । ▸▸▸ बाँकी पृष्ठ १०

### यस्तो छ सम्भावित कार्यसूची

- राष्ट्रपतिको शुभकामना सन्देश पढेर सुनाउने
- मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रको व्यहोरा सुनाउने
- पुरानै नियमावलीअनुसार सभा सञ्चालन गर्ने प्रस्ताव प्रस्तुत
- सभामुखको अनुपस्थितिमा अध्यक्षता गर्ने सदस्यको मनोनयन
- दलीय आधारमा सांसदहरूको मन्तव्य
- सभामुखको निर्वाचन मिति तोकिने
- गृहमन्त्रीबाट ३ अध्यादेश पेस
- शोक प्रस्तावहरू प्रस्तुत

### ■ यस्तो छ सभामुख र उपसभामुख चयन प्रक्रिया

सभामुखको निर्वाचन यसअघिकै नियमावलीअनुसार हुनेछ । नियमावलीको नियम ७, ८, ९ र १० मा सभामुख र उपसभामुखको निर्वाचनसम्बन्धी व्यवस्था छ । जसअनुसार सभामुखको निर्वाचन ज्येष्ठ सदस्यले तोकेको दिन र समयमा हुनेछ भने त्यस्तो सूचना महासचिवले प्रकाशन गर्नेछन् । त्यसपछि प्रस्तावक र समर्थक रहेर कुनै सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको सूचना बैठकमा प्रस्तुत हुन्छ । ▸▸▸ बाँकी पृष्ठ १०

### शीर्ष नेताहरूले सम्बोधन गर्ने

आजको बैठकमा दलको तर्फबाट सांसद छानिएकामध्ये शीर्ष नेताहरूले सम्बोधन गर्नेछन् । अधिवेशन सुरु भएको सन्दर्भमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राख्ने गरी कार्यसूची बनाइएको छ । बुधबारको सर्वदलीय बैठकले को-को बोल्ने भन्नेबारे पनि टुंग्याएको छ । एमालेबाट रामबहादुर थापा (बादल), नेकपाबाट पुष्पकमल दाहाल प्रचण्ड, श्रम संस्कृतिबाट हर्क साम्पाङ र राप्रपाबाट ज्ञानेन्द्र शाहीले संसदीय दलका नेताको हैसियतमा मन्तव्य राख्नेछन् भने पार्टी सभापतिका रूपमा रास्वपाबाट रवि लामिछानेले सम्बोधन गर्नेछन् । कांग्रेसका तर्फबाट भने नाम टुंगो लागेको छैन । त्यस्तै, आजको बैठकमा सभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसदलाई स्वागत गर्ने तथा अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपतिको सन्देश पढेर सुनाउने, मन्त्रिपरिषद् गठनबारे जानकारी गराउनेछन् । संसद् सचिवालयले सार्वजनिक गरेको सम्भावित कार्यसूचीअनुसार आजको बैठकमा प्रतिनिधिसभाले आफ्नो नियमावली नबनाएसम्म प्रतिनिधिसभा



नियमावली, २०७९ अनुसार नै कामकारबाही गर्ने प्रस्ताव स्वीकृतिका लागि सभामुखले प्रस्तुत गर्नेछन् भने सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यको मनोनयन पनि हुनेछ । ▸▸▸ बाँकी पृष्ठ १०

---

**एमालेमा पुस्तान्तरण बर्जित !**

# सुहाङलाई रोक्न नेतृत्वको जबरजस्ती, समानुपातिकबाट छिरेका बादल दलको नेता





● **योगेश भट्टराई,** *एमाले उपमहासचिव*

बहुआयामिक प्रतिकुलताको सामना गरिरहेको एमालेले व्यापक पुनर्गठनमार्फत बलियो एकता बनाउँदै जनविश्वास जागृत गर्नुपर्ने बेलामा संसदीय दलको नेता छान्न जुन तरिका र शैली अपनाइयो, समझदारीमा पुग्नुको सट्टा सांसदहरूलाई दबाबमा राखेर जे गरियो, यो राम्रो भएन ।



● **सुरेन्द्र पाण्डे,** *एमाले नेता*

सम्भावना बोकेको युवा सांसदले प्रतिस्पर्धा गर्न खोज्दा प्रस्तावक र समर्थकसमेत नपाउने वातावरण सिर्जना गरिनु लोकतान्त्रिक पार्टीका लागि लज्जास्पद हो । जब नेतृत्व 'म नै पार्टी र पार्टी नै म' भन्ने भ्रममा बाँच्छ र निर्वाचनको गम्भीर पराजयलाई पनि सामान्य ठान्छ, त्यहाँ सुधारको ढोका बन्द हुन्छ ।

■ सौर्य समाचार

काठमाडौँ । पार्टी राजनीतिमा पुस्तान्तरणलाई रोक्दा गत २१ फागुनको प्रतिनिधिसभा चुनावमा लज्जास्पद हार बेहोरेको एमालेले संसदीय राजनीतिमा पनि पुस्तान्तरण रोकेर पार्टी नेता, कार्यकर्ता र आममतदाताको भावनाविपरीतको निर्णय गरेको छ । संसदीय दलको नेतामा युवा पुस्तालाई अघि सारेर पुस्तान्तरणको सन्देश दिनुपर्ने आमनेता, कार्यकर्ताको भावनालाई अस्वीकार गर्दै एमालेले पटक-पटक संसदीय राजनीतिमा पराजित र वृद्ध उमेरका उपाध्यक्ष रामबहादुर थापा बादललाई दलको नेता बनाएको हो ।

एमाले दलको नेतामा इलाम-२ बाट निर्वाचित ३६ वर्षीय सुहाङ नेम्वाङले दाबी गरेका थिए भने अर्कातर्फ समानुपातिक कोटाबाट संसद् छिरेका ६९ वर्षीय बादलले दाबी गरेका थिए । २ नेताको दाबीमा पार्टी शीर्ष नेतृत्वको रोजाइ थापा नै भएपछि नेम्वाङ ब्याक हुनुपरेको हो । आफ्ना पिता संविधानसभा अध्यक्ष तथा पूर्वसभामुख सुवास नेम्वाङको मृत्यु भएपछि २०८१ सालमा भएको उपनिर्वाचनमा उनी इलाम-२ बाटै निर्वाचित भएका थिए । यस पटक पनि देशभर एमालेले पराजय भोग्दा उनी निर्वाचित भएर आएका थिए । कानुनी पृष्ठभूमिका उनले संसदीय राजनीतिको समेत अनुभव बटुलिसकेका थिए । बुधबार संसदीय दलको बैठकमा बोल्दै उनले अग्रजहरूको राजनीतिक इतिहासलाई सम्मान गर्दै आफू दलको नेताका रूपमा जिम्मेवारी निभाउन तयार रहेको बताएका थिए । राजनीतिक परिस्थितिले युवाको माग गरेका कारण आफूले दाबी गरेको उनको भनाइ थियो ।

### ■ ओलीको निर्देशनमा थापालाई नेता बनाउन पौडेल र पोखरेलको सक्रियता

जेनजी आन्दोलनको घटना जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा अध्यक्ष ओली गत शनिबारदेखि प्रहरी हिरासतमा छन् । हाल त्रिवि शिक्षण अस्पतालमा उपचार गराइरहेका ओलीको चाहना थापालाई नेता बनाउने भएपछि उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल त्यसका लागि खटिएका थिए । प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ १६ गरी एमालेका २५ सांसद छन् । ती सांसदहरूलाई उनीहरूले पार्टीको निर्णय भन्दै कन्भिन्स् गरिरहेका थिए । तर, सुहाङ स्वयं दलको नेता नछाड्ने अडानमा रहेपछि चुनाव हुने निश्चित भएको थियो । ▸▸▸ बाँकी पृष्ठ १०

---

# आज सुरु हुँदै एसइई, १ महिनाभित्रै रिजल्ट

## जापानमा १ सहित १९६६ परीक्षा केन्द्रमा सहभागी हुँदै छन् ५ लाख १२ हजार परीक्षार्थी



■ सौर्य समाचार

काठमाडौँ । माध्यमिक शिक्षा परीक्षा (एसइई) आज बिहीबार देशभर सुरु हुँदै छ । यसका लागि राष्ट्रिय परीक्षा बोर्डले सम्पूर्ण तयारी पूरा गरिसकेको छ । देशभरका सबै परीक्षा केन्द्रबाट बिहान ८ बजेदेखि एकै समयमा एसइई सुरु हुनेछ । २९ गतेसम्म सञ्चालन हुने एसइईमा ५ लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुँदै छन् । जसमा नियमिततर्फ ४ लाख ४१ हजार ५६६ जना र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिनेछन् । यस वर्ष २ लाख ५७ हजार ६१३ छात्रा, २ लाख ५४ हजार ८०१ छात्र र अन्य ७ जना परीक्षामा सहभागी हुँदै छन् । जापानमा रहेको एभरेस्ट स्कुल परीक्षा केन्द्रबाट १४ छात्रा र ९ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिँदै छन् । उक्त स्कुलका प्रिन्सिपललाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ भने परीक्षा सुरु हुनुअघि इमेलमार्फत् प्रश्नपत्र पठाइनेछ ।

यस वर्ष कोसीबाट ८२ हजार ४८७, मधेसबाट ९० हजार २४३, बाग्मतीबाट १ लाख ९ हजार ५१३, गण्डकीबाट ४३ हजार ९७२, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिम प्रदेशबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । बोर्डले परीक्षाका लागि नेपालमा १ हजार ९ सय ६५ वटा र जापानमा एउटा गरी कुल १ हजार ९ सय ६६ परीक्षा केन्द्र तोकेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने जनाएको छ । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए । प्रत्येक परीक्षा केन्द्रमा जिल्ला परीक्षा समितिले तय गरेअनुसार आवश्यकताको आधारमा सुरक्षाकर्मी परिचालन हुनेछन् । यद्यपि प्रत्येक केन्द्रमा १५ जना प्रहरी, १ केन्द्राध्यक्ष, १ सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर १ निरीक्षक, १०० परीक्षार्थी बराबर १ कार्यालय सहयोगी र अन्य २ कर्मचारीको व्यवस्था गरिएको बोर्डले जानकारी दिएको छ । सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिले थपघट गर्न सक्नेछ । देशभर एकैसाथ सुरु हुने परीक्षाको पहिलो दिन आज अनिवार्य अंग्रेजीको परीक्षा सञ्चालन हुनेछ भने चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय, २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ र २९ गते प्राविधिक धारका बाँकी विषयको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए ।

बोर्डले यस वर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न संघसंगठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिले परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्न पाउनेछन् । परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यस दिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्न सक्ने व्यवस्था मिलाइएको छ । पत्रकारले पनि परीक्षा केन्द्रको बाहिरी दृश्य मात्र छायांकन गर्न वा तस्बिर लिन पाउनेछन् । परीक्षा हलभित्र दृश्य छायांकन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन बोर्डले आग्रह गरेको छ ।

### ■ परीक्षा सकिएको १ महिनाभित्रै नतिजा

केही दिनअघि शिक्षा मन्त्रायले एसइईको नतिजा १ महिनाभित्र सार्वजनिक गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिएको थियो । सोहीअनुसार बोर्डले पनि १ महिनाभित्र नतिजा निकाल्न परीक्षा केन्द्रबाट नै उत्तरपुस्तिका परीक्षण गर्ने निर्णय गरेको थियो । ७७ वटै जिल्लाका शिक्षा एकाइबाट पनि १ महिनामै नतिजा निकाल्न सकिने सुझाव मन्त्रालयमा पुगेको थियो र त्यसैका आधारमा सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले विद्यार्थीलाई तनाव हुन नदिन छिटो नतिजा सार्वजनिक गर्न लागिएको बताएका थिए । १ महिनामै नतिजा निकाल्न यस पटक एसइईको उत्तरपुस्तिका परीक्षणको शैली नै फेरिने भएको छ । यसका लागि जहाँ परीक्षा केन्द्र छ, त्यहीँ नै वा जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइले वैकल्पिक व्यवस्था गरेर उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाउने परीक्षा बोर्डले जनाएको छ । यसका लागि कार्यविधिसमेत तयार भइसकेको छ । परीक्षा केन्द्रमा सम्बन्धित विषय शिक्षक नपाइने वा सुरक्षा चुनौती देखिएबाहेक परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण हुनेछ । त्यस्तो अवस्था आएमा जिल्लास्थित एकाइले वैकल्पिक व्यवस्था गरेर अर्को सुरक्षित ठाउँमा लगेर परीक्षण गर्न सक्ने व्यवस्था गरिएको उनले बताए । यसअघि उत्तरपुस्तिका परीक्षणका लागि लागि विभिन्न जिल्लालाई पायक पर्ने गरी जिल्लाअनुसार परीक्षण केन्द्र निर्धारण गरिन्थ्यो ।

---


# 'सत्ताभन्दा बलिया' भट्ट अन्ततः डामिए सम्पत्ति शुद्धीकरणमा

## ■ व्यापारिक साझेदार र परिवारका सदस्य पनि अनुसन्धानमा तानिँदै

■ सौर्य समाचार

काठमाडौँ । विगतमा सत्तानिकट हुँदै जोगिँदै आएका व्यवसायी दीपक भट्टमाथि सम्पत्ति शुद्धीकरण कसुरअन्तर्गत अनुसन्धान थालिएको छ । बैंक खातामा अस्वाभाविक कारोबार देखिएपछि 'पावर ब्रोकर'का रूपमा परिचित भट्टमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान थालेको हो । राष्ट्र बैंकको वित्तीय जानकारी एकाइले भट्ट र उनको परिवारको बैंक खातामा अस्वाभाविक कारोबार भेटेपछि २ वर्षअघि नै विभागलाई पत्राचार गरेको थियो । एकाइले इन्फिनिटी होल्डिङ्स र जगदम्बा स्टिलबीच भएको ४५ करोडको शंकास्पद कारोबारबारे छानबिन गर्न विभागमा पत्र पठाएको थियो । जुन कारोबारको प्रयोजन र वास्तविक धनीको पहिचान नखुलेको राष्ट्र बैंकको पत्रमा उल्लेख छ ।

भट्ट विगतमा सत्तासँग निकट सम्बन्ध बनाएर उम्किँदै आएका थिए । यसअघिका प्रधानमन्त्रीको बेडरुमसम्म पहुँच भएका बिचौलियाका रूपमा चिनिन्छन् । आफूअनुकूल



सरकार बनाउन र ढाल्न सक्नेसम्मको हैसियत राख्ने चर्चा चल्ने गरेका भट्ट लामो समयदेखि ठुला सार्वजनिक खरिद, जलविद्युत् आयोजना, बैंक तथा बिमा क्षेत्रका लाइसेन्स र बजेटमार्फत् करका दर हेरफेरसम्म प्रभाव पार्ने बिचौलियाका रूपमा परिचित छन् । २०७९ सालमै सम्पत्ति शुद्धीकरण अनुसन्धानको दायरामा तानिएका उनीसँग प्रारम्भिक बयानसमेत लिइएको थियो । तर, सत्ताले संरक्षण दिँदा फाइल दबाइएको थियो । तर, जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा भएको निर्वाचनबाट नयाँ सरकार बनेसँगै भट्ट फेरि अनुसन्धानको दायरामा तानिएका हुन् । सम्पत्ति शुद्धीकरण कसुरमा विस्तृत अनुसन्धान सुरु भएपछि व्यवसायी भट्टलाई अध्यागमन विभागले कालोसूचीमा राख्दै पासपोर्ट रोक्का गरिसकेको छ । हिमालयन रि-इन्स्योरेन्स लिमिटेड र इन्फिनिटी होल्डिङ्सबीच करोडौँको कारोबारको प्रयोजन अहिलेसम्म खुलेको छैन । जगदम्बा र हिमालयन रि-इन्स्योरेन्ससँग उनको कारोबार व्यवसायी कामबापतको भनेर उजुरीसमेत परेको थियो । ▸▸▸ बाँकी पृष्ठ १०

---

## ■ नेपाल-भारत सीमा क्षेत्रको प्रहरी कार्यालयको बेहाल

# नागरिकलाई सुरक्षा दिनुपर्ने प्रहरी आफैँ असुरक्षित !




■ राजेन्द्र गौतम

झापा । जीर्ण भौतिक संरचना, न्यून जनशक्ति र साधन-स्रोतको चरम अभाव– यही हो नकलबन्दा प्रहरीको वास्तविक अवस्था । यसको आफ्नै चिनारी छ– सुगम जिल्ला, मुलुकको पूर्वी नाका, देशकै ठुलो नगरपालिका र झापाकै पुरानो प्रहरी चौकी । परिचयको विवरण लामो छ, तर मेचीनगर नगरपालिका-५ नकलबन्दामा रहेको इलाका प्रहरी कार्यालय जेनतेन चलेको छ । नेपाल-भारत सीमा सुरक्षाका लागि ४८ वर्षअघि स्थापना गरिएको यो कार्यालय आफैँ असुरक्षित छ, नागरिक सुरक्षा त भिन्न पाटो हो । २०३४ सालमा सिमाना प्रहरी चौकीका रूपमा स्थापित यो चौकी ४ वर्षअघि इलाका प्रहरी कार्यालयमा स्तरोन्नति गरियो । बोर्ड झुन्ड्याइयो, तर स्तरोन्नति नाममै सीमित छ ।

भौतिक संरचनाको दुरवस्था र जनशक्ति अभावमा कार्यालय अझै चौकी स्तरमै सीमित छ । जहाँ प्रहरी बस्न नै डराउँछन्, तर नबसी पनि सुख छैन । राति सुत्दा त भवनको छत झरेर किच्छ कि भन्ने त्रास उनीहरूको मनमा गड्छ । भवन हेर्दा लाग्छ– 'सत्य सेवा सुरक्षणम्'को आदर्श वाक्यले सिंगो प्रहरी संगठनलाई नै गिज्याइरहेको छ । निर्धारित दरबन्दीअनुसार २५ जना प्रहरी खटिनुपर्ने भए पनि हाल प्रहरी नायब निरीक्षक अशोक चौहानको नेतृत्वमा ८ प्रहरी मात्र कार्यरत छन् । थोरै संख्यामा रहेका सुरक्षाकर्मीले अवैध ओसारपसार, लागुऔषध कारोबार, आपराधिक गतिविधि नियन्त्रण र सीमापार आवागमनजस्ता चुनौतीपूर्ण कार्यभार सम्हाल्नुपरिरहेको छ ।

यो प्रहरी कार्यालय अभावै अभावमा चलेको छ । कार्यालयको नेतृत्व गर्ने व्यक्ति यो विषयमा बोल्न नै चाहँदैनन् । यसले प्रहरी संगठनभित्र आदेश पालनाको रुढमा कुनै परिवर्तन नभएको स्पष्ट हुन्छ । 'माथिको आदेश'बाहेक तल्लो तहका प्रहरी चुँसमेत गर्दैनन् । सरकार फेरिएको छ । अब केही हुन्छ ? तर यो प्रश्नको जबाफ प्रश्नमै सीमित हुने विगतले पुष्टि गरेको छ । अघिल्लो आर्थिक वर्षदेखि नै इलाकाको चौतर्फी बहस चलिरहेको छ । तर, सुधारको कुनै संकेत नदेखिएको स्थानीय बताउँछन् । ती स्थानीयले भने, 'अब त सुधार हुन्छ होला । गृहमन्त्रीले 'केही परे सीधै फोन गर्नू' भन्ने सुनेको छु ।' एकातर्फ यतिका जिम्मेवारी काँधमा छ भने अर्कातर्फ न आनन्दले सुत्न नै सकिन्छ । पानी पर्दा सबै पानी भवनभित्र चुहिन्छ भने घाम लाग्दा माथिबाट सिमेन्ट र बालुवा बर्बरी झरेर ओछ्यान पुरिने गरेको छ । ▸▸▸ बाँकी पृष्ठ १०

# ९ लाख ठगीको अभियोगमा २ जना पक्राउ

**सौर्य समाचार**

काठमाडौँ । हिरासतमा रहेका मानिसलाई धरौटीमा छुटाइदिने भन्दै ९ लाख रुपैयाँ ठगी गरेको अभियोगमा जिल्ला प्रहरी परिसरले २ जनालाई पक्राउ गरेको छ । पक्राउपर्नेमा काठमाडौँ बुढानीलकण्ठ नगरपालिका मण्डिखाटारस्थित हलेसी महादेव मार्गभित्र बस्ने ४५ वर्षीय हरिबहादुर थापामगर तथा सोही ठाउँकी ३७ वर्षीया मिठु मगर भन्ने अनिता थापामगर रहेको जिल्ला प्रहरी परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

उनले भने, 'गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा आपराधिक क्रियाकलापमा संलग्न रही हाल कारागार कार्यालय सुन्धारामा पुर्पक्षका लागि थुनामा रहेका ३ जना प्रतिवादीलाई थुनामा रहँदाका बखत निज हरिबहादुर थापामगरले सर्वोच्च अदालतमा आफ्नो चिनजानको न्यायाधीशलाई भनसुन गरी निजहरूलाई धरौटीमा छुटाइदिन्छु, धरौटीबापतको रकम दिनुपर्छ भनी आश्वासन दिई धरौटीबापतको रकम र वकिललाई बहस खर्च भनी निजको श्रीमती मिठु मगर (अनिता थापामगर)को खातामा ९ लाख रुपैयाँ जम्मा गर्न लगाई ठगी गरेको अभियोगमा पक्राउ गरिएको हो ।' उनीहरू दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए ।

# न्यायपालिकाको नेतृत्वमा दोस्रोपटक महिला

## सपनाको काँधमा कामु प्रधानन्यायाधीशको जिम्मेवारी

**कालिका खड्का**

काठमाडौँ । नेपालको न्यायिक इतिहासमा दोस्रोपटक महिलाले नेतृत्व गर्ने अवसर पाएको छ । सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले बुधबारदेखि कायममुकायम (कामु) प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हाल्लेकी छन् । यसअघि, पहिलोपटक न्यायिक नेतृत्वको इतिहासमा महिला प्रधानन्यायाधीशमा सुशीला कार्कीले नेतृत्व गरेकी थिइन् । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण मंगलबार सेवानिवृत्त भएपछि वरिष्ठतम् न्यायाधीश मल्लको काँधमा कामु प्रधानन्यायाधीशको जिम्मेवारी आइपुगेको हो ।

प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको धारा १२९ (६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीशले कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ । न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका ६ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो । प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो ।

नेपालको संविधान अनुसार, सर्वोच्च अदालतमा ३ वर्ष न्यायाधीश भएको र ६५ वर्ष उमेर नपुगेको व्यक्ति प्रधानन्यायाधीश हुन पाउने योग्यता पुगेको मानिन्छ । प्रधानन्यायाधीशको पद रिक्त हुनुभन्दा १ महिनाअघि नै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीशको नाम प्रस्ताव गर्नुपर्छ । तर प्रतिनिधिसभा विघटन भएसँगै संवैधानिक परिषद्को बैठक बस्न सकेको छैन । सभामुख, उपसभामुख, प्रमुख विपक्षी दलको नेताको पद रिक्त भएकाले संवैधानिक परिषदले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्न नसकेको बताइएको छ ।

संसदीय सुनुवाइ विशेष समितिमा संसदीय सुनुवाइबाट अनुमोदन भएपछि मात्रै राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्ति गर्ने व्यवस्था छ । प्रतिनिधिसभाको निर्वाचनपछि संसद्को अधिवेशन बिहीबारदेखि सुरु हुने र सभामुख/उपसभामुखको निर्वाचनको प्रक्रिया सुरु हुन बाँकी रहेकाले सुनुवाइ समितिको गठनमा अझै केही हप्ता लाग्न सक्ने देखिन्छ ।

### को हुन् सपना ?

बुबा गोविन्दबहादुर प्रधान र आमा राधा प्रधानको कोखबाट २०२० कात्तिक २९ गते शुक्रबार काठमाडौँको थापाथलीमा जन्मिएकी कामु प्रधानन्यायाधीश मल्ल २०७३ साउन १७ गते सर्वोच्च अदालतको न्यायाधीश भएकी थिइन् । उनले त्रिभुवन विश्वविद्यालयको नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक र दिल्ली विश्वविद्यालयबाट कानुन विषयमा नै स्नातकोत्तर गरेकी छन् । अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट जनप्रशासनमा समेत उनी स्नातकोत्तर गरेका हुन् ।

२०४५ सालदेखि कानुन व्यवसायमा सक्रिय भएर काम गरेकी कामु प्रधानन्यायाधीश सपनासँग २ वर्ष नेपाल ल क्याम्पसमा कानुन पढाएको अनुभव पनि छ । अधिवक्ता भएर काम गर्दागर्दै २०६९ सालमा उनले वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गरेकी थिइन् । कामु प्रधानन्यायाधीश सपनाको दर्जनौँ शोध र लेखहरू प्रकाशित भएका छन् । कानुनका क्षेत्रबाट महिला अधिकारको संरक्षण, महिला हिंसा नियन्त्रण, सामाजिक न्याय, महिलामा लगानी, महिलाको सम्पत्तिको अधिकार आदि धेरै विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय दैनिक तथा जर्नलहरूमा लेखसमेत उनले लेखेकी छिन् ।

### नेतृत्वसम्म आइपुगदासम्मका संघर्ष यस्ता

सर्वोच्च अदालतको न्यायाधीश हुनुभन्दा अगाडि सपनाले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था, कानुन न्याय एवं मानवअधिकारका विषयमा काम गरिसकेकी छन् । कानुनकै विद्यार्थी भएको हुनाले कामु प्रधानन्यायाधीश मल्लले २०६४ देखि २०६९ सालसम्म संविधानसभा सदस्य भएर पनि काम गरिसकेका छन् । संयुक्त राष्ट्रसंघको यातनाविरुद्धको समितिमा विज्ञ सदस्य भएरसमेत उनले काम गरिसकेकी हुन् ।

यसका साथै कामु प्रधानन्यायाधीश मल्लले कानुनका क्षेत्रसँग सम्बन्धित धेरै संघसंस्थामा आबद्ध भएर काम गरिसकेका छन् । न्यायाधीश महिला समाजको संयोजक भएर काम गरिसकेकी उनले वातावरणसमबन्धी विश्वव्यापी न्यायिक संस्थानको महासचिव भएर पनि काम गरिसकेका छन् । त्यस्तै सार्क कानुन नेपाल अध्ययनको अध्यक्ष, अन्तर्राष्ट्रिय महिला न्यायाधीश संघको सदस्य, वातावरण न्यायसम्बन्धी विश्वको आयोगको सदस्य, नेपाल बार एसोसिएसनको सदस्यका साथै विभिन्न पदमा रहेर उनले काम गरिसकेकी हुन् ।

वरिष्ठ अधिवक्ता तथा संविधासभा सदस्यसमेत भएर काम गरेकी कामु प्रधानन्यायाधीश मल्लले नेपाल सरकारको १०औँ योजनामा समावेश गर्ने योजना र कार्ययोजनाको विकासमा संलग्न थिइन् । मानव बेचबिखन विधेयक, राष्ट्रिय महिला आयोग विधेयक तथा उत्तराधिकार अधिकार विधेयक र वैदेशिक रोजगार विधेयक, यौन उत्पीडनविरोधी कानुन र लैंगिक समानता विधेयकलगायत कानुन सुधार पहलहरूलगायत धेरै कानुनी क्षेत्रमा योगदान पुऱ्याएकी छन् । सर्वोच्च अदालतमा कार्यरत रहँदा व्यवस्थापन तथा प्रकाशन समितिलगायतका धेरै समितिमा रहेर उनले नेतृत्व गरिसकेकी छन् । प्रधानन्यायाधीश भएमा उनी २०८५ कात्तिक ३० गते ६५ वर्षे उमेरहदबाट अवकाश हुनुपर्नेछ ।


**Manufacturer: Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd., China**
**Supplier: Lifeline Trade International Pvt Ltd, Hattiban, Lalitpur.**
E-mail id: lifelinetradeinternational@yahoo.com Ph No : 4111702
**आर्थिक वर्ष २०८२–८३ र २०८३–८४ को मान्य दर**

**यस** Lifeline Trade International **प्रा.लि.बाट** Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd., China **को** Reagent, Chemical **र** consumable **को मूल्य सार्वजनिक गरिएको व्योहोरा सर्वासधरंमा जानकारी गराईन्छ ।**

Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd., Hematology/HPLC/Blood Culture/ID/AST/Urine System/Coagulation Reagents List with different models Reagent and Consumable Cost

| Item Name | Pack size | MRP/Pack size |
|---|---|---|
| **Hematology Analyzer Model : BC-10/ 20/ 20S/ 30S** | | |
| M-30D Diluent | [20L] | 46,500.00 |
| M-10 CFL Lyse | [4x 100ml] | 45,000.00 |
| M-20 CFL Lyse | [4x200ml] | 60,000.00 |
| M-30 CFL Lyse | [500ml] | 53,000.00 |
| Probe Cleanser | [50ml] | 12,500.00 |
| BC-3D | (4.5mL* 3) | 60,000.00 |
| S-50 Calibrator | [3mL*2] | 50,000.00 |
| **Hematology Analyzer Model : BC-5150** | | |
| M-52D Diluent | [20L] | 46,200.00 |
| M-52 Diff Lyse | [4x500mL] | 120,000.00 |
| M-52-LH Lyse | [4x100ml] | 109,200.00 |
| Probe Cleanser | [50ml] | 12,500.00 |
| BC-5D | (4.5mL* 3) | 60,000.00 |
| S-50 Calibrator | [3mL*2] | 50,000.00 |
| **Hematology Analyzer Model : BC-5380/5390** | | |
| M-53D Diluent | [20L] | 46,500.00 |
| M-53 Leo (I) Lyse | [1Lx4] | 226,000.00 |
| M-53 Leo (II) Lyse | [200mLx4] | 188,000.00 |
| M-53 LH Lyse | [500mLx4] | 205,500.00 |
| M-5 Leo (I) Lyse | [1Lx4] | 226,000.00 |
| M-5 Leo (II) Lyse | [500mLx4] | 210,000.00 |
| Probe Cleanser | [50ml] | 12,500.00 |
| BC-5D | (4.5mL* 3) | 60,000.00 |
| S-50 Calibrator | [3mL*2] | 50,000.00 |
| **Hematology Analyzer Model : BC-780/6200/6800/6800Plus/CAL-6000** | | |
| DS DILUENT | (20L) | 46,200.00 |
| M-6LD LYSE | (1L×4) | 201,400.00 |
| M-6FD DYE | (12mL×4) | 219,300.00 |
| M-6LH LYSE | (1L×4) | 201,400.00 |
| M-6DR DILUENT | (1L×4) | 174,000.00 |
| M-6FR DYE | (12mL×4) | 777,000.00 |
| M-6LN LYSE | (1L×4) | 100,700.00 |
| M-6FN DYE | (12mL×4) | 124,200.00 |
| M-68LB LYSE | (1L×4) | 180,000.00 |
| M-68LN LYSE | (1L×4) | 110,000.00 |
| M-68FN DYE | (12mL×4) | 132,000.00 |
| ESR Solution | (1L×4) | 200,000.00 |
| Probe Cleanser | [50ml] | 12,500.00 |
| BC-6D | (4.5mL* 3) | 60,000.00 |
| BC-RET | [4.5mL* 3] | 60,000.00 |
| **Slide Stainer SC-120 / CAL-6000** | | |
| Wright-Giemsa A | (5L) | 100,000.00 |
| Wright-Giemsa B | (5L) | 100,000.00 |
| Glass Slide | (50 slides per box) | 15,000.00 |
| **FLOWCYTOMETER (BRICYTE-E6)** | | |
| Lysing Solution | (50mL×1) | 60,000.00 |
| Sheath Fluid | (5L×2) | 40,000.00 |
| Cleaning Solution | (50mL×1) | 20,000.00 |
| CD3-FITC/CD8-PE/CD45-PerCP/CD4-APC Reagent | (1mL×1) | 250,000.00 |
| CD3-FITC/CD16+56-PE/CD45-PerCP/CD19-APC Reagent | (1mL×1) | 250,000.00 |
| HLA-B27 Reagent | (1mL×2) | 200,000.00 |
| SPHEROTM Supra Rainbow Fluorescent | (2mL) | 340,000.00 |

| Item Name | Pack size | MRP/Pack size |
|---|---|---|
| **HPLC Machine Model : H-50P/ H120** | | |
| Analytical Column | [1 pcs] | 730,000.00 |
| Hemolysis Solution | [2L*3] | 418,000.00 |
| Eluent A | [900 mL*4] | 550,000.00 |
| Eluent B | [100 mL*2] | 132,000.00 |
| Hemolysis solution | (5.6L×1) | 400,000.00 |
| Eluent A | (1.5L×1) | 380,000.00 |
| Eluent B | (250ml×1) | 170,000.00 |
| Hemoglobin A1c Control (CRL-1, 2) | [2 mL*2] | 227,600.00 |
| Hemoglobin A1c Calibrator | [2 mL*6] | 701,500.00 |
| Filter | [1 Pcs] | 22,000.00 |
| Probe Cleanser | [50ml] | 12,500.00 |
| **Blood Culture machine Model : TDR-X030/X060/X120/FA - N60/120** | | |
| TDR Aerobic Bottle | [25 Bottle/Box] | 49,100.00 |
| TDR Resin Pediatric Bottle | [25 Bottle/Box] | 49,100.00 |
| **ID /AST Machine Model : TDR-300B(Plus) / AF-300** | | |
| TDR ONE-96 | [96 Test/Box] | 132,000.00 |
| TDR STR-96 | [96 Test/Box] | 132,000.00 |
| TDR STAPH-96 | [96 Test/Box] | 132,000.00 |
| TDR NF-96 | [96 Test/Box] | 132,000.00 |
| TDR YEAST-96 | [96 Test/Box] | 132,000.00 |
| TDR NH-96 | [96 Test/Box] | 132,000.00 |
| New dosing tips | [1×100 / Box] | 88,000.00 |
| **URINE SYSTEM Model : UA-5800 / EU-8000 / EU-5300Pro** | | |
| Reagent A | [5L×2 /box] | 228,900.00 |
| Reagent B | [5L×2 /box] | 228,900.00 |
| EU-50 | [5L×2 /box] | 228,900.00 |
| Urine Strip | [100strips x10 / box] | 184,900.00 |
| **COAGULATION Machine Model : C2000-4 / C3510** | | |
| PT Kit | [4mL*10] | 66,600.00 |
| APTT Kit | [4mL*10] | 66,600.00 |
| TT Kit | [2mL*10] | 82,100.00 |
| FIB Kit | [2mL*6] | 87,800.00 |
| Coagulation Normal Control | [1mL*10] | 128,500.00 |
| Coagulation Abnormal Control | [1mL*10] | 128,500.00 |
| Semi-cuvettes with Steel Ball | [1 Box (350*4)] | 111,400.00 |
| Auto-cuvettes with Steel Ball | [1 Box /1000pcs] | 180,000.00 |
| **CORNLEYMachine Model : AFT-300/800** | | |
| NA/K Reagent Pack | [850ml] | 108,400.00 |
| Na Electrode | [Pcs] | 115,200.00 |
| K Electrode | [Pcs] | 115,200.00 |
| Cl Electrode | [Pcs] | 113,000.00 |
| Reference Electrode | [Pcs] | 126,500.00 |
| Ca++ Electrode | [Pcs] | 158,100.00 |
| Li++ [Pcs] | [Pcs] | 158,100.00 |
| De - Proteinizer | [Pcs] | 17,600.00 |
| Conditioning Solution | [Pcs] | 17,600.00 |



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads (DoR)**
**Federal Road Supervision and Monitoring Office, Pokhara**
**KaliGandaki Corridor (Beni-Jomsom-Korola Road Project)**
**Jomsom, Mustang**

**Notice of Intention to Award the Contract**

**(First Publication Date: 2082/12/19)**

This notice has been published to inform all concerned, including the bidders, about the Intention to Award the Contract regarding the following contracts in accordance with Public Procurement Act, 2063 Clause 27(2) and Clause 47.

| S.N. | Contract ID | Name and Address of the Successful Bidder | Accepted Bid Amount excluding P.S. and VAT (NRs.) |
|---|---|---|---|
| 1 | KCBJKRP/ 337011184/ NCB/082/83-6 | M/S Gurung Nirman Sewa (GURUNG) -Shankar Nirman Sewa (SHANKAR) -ShreeCreative Engineering & Construction Company Pvt. Ltd. (SHREE CREATIVE) J/V, Pokhara-17, Kaski | NPR. 64,132,581.00 |
| 2 | KCBJKRP/ 337011184/ NCB/082/83-7 | M/S Kali Mata Construction Company Pvt. Ltd. (KALIMATA)-Thapakaji Innovative Construction Pvt. Ltd. (THAPAKAJI)-Rashuwa Engineers and Builders Pvt. Ltd. (RASHUWA) J/V, Bidur-4, Nuwakot | NPR. 70,774,954.00 |
| 3 | KCBJKRP/ 337011184/ NCB/082/83-8 | M/S Kali Mata Construction Company Pvt. Ltd. (KALIMATA)-Thapakaji Innovative Construction Pvt. Ltd. (THAPAKAJI)-Rashuwa Engineers and Builders Pvt. Ltd. (RASHUWA) J/V, Bidur-4, Nuwakot | NPR. 62,272,720.00 |

**Project Chief**



**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, कलंकी, काठमाण्डौका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/१२/१९ गते बिहिबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८२/०७/२८ गते शुक्रबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०९/२९ गते मंगलबारको नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने १५ दिने धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखा कार्यालय, कलंकी, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/१२/२६ बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्ते बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय कलंकी, काठमाण्डौमा दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्यादभित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण:**

**संयुक्त ऋणी :** रण वम मल्लको नाति शक्ति वम मल्लको छोरा पर्वत जिल्ला पकुवा गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. २, हात्तीगौडा बस्ने **ध्रुव प्रताप मल्ल** (ना.प्र.नं. २३०६, जारी मिति २०४२/०५/११, जारी गर्ने कार्यालय जि.प्र.का. पर्वत) ..... १ र नोइन्द्र बहादुर खाणकी छोरी शक्ति वम मल्लको बुहारी ध्रुव प्रताप मल्लको श्रीमति रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ४ (साविक सौ. फर्साटिकर गा.वि.स. वडा नं. १) स्थाई स्थाई ठेगाना भई हाल काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. २, हात्तीगौडा बस्ने **शारदा मल्ल** (ना.प्र.नं. ६/६/१२०६ जारी मिति २०४६/०१/३०, जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ...१ समेत जना (२)

**जमानतकर्ता : निरज वम मल्ल**
(ना.प्र.नं. १६०१४, जारी मिति २०६०/०९/३०, जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ।
स्थाई ठेगाना : रुपन्देही जिल्ला बुटवल उप म.न.पा. वडा नं. ६ ।
हालको ठेगाना : काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. २, हात्तीगौडा ।
बाबु : ध्रुव प्रताप मल्ल । बाजे : शक्ति वम मल्ल ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. ध्रुव प्रताप मल्लको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सौ फर्साटिकर गा.वि.स वडा नं. १ नक्सा सिट नं. १ख, कित्ता नं. ८९३ क्षेत्रफल ०-१-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१
**२.** शारदा मल्लको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला दहचोक गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ग कित्ता नं. ५२४ क्षेत्रफल ०-१३-२-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................................१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** कलंकी, **काठमाण्डौकाबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय** कलंकी, **काठमाण्डौकामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

**को**

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२/१२/१९ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : गौरीगञ्ज, झापा

**ऋणीको विवरण**

बहादुर राजवंशीको नाति, नारायण सिंह राजवंशीको छोरा, झापा जिल्ला, जुरोपानी गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको दुर्गा प्र. राजवंशी (ना.प्र.प.नं. ४२३११११, झापा)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. नारायण सिंह राजवंशीको बुहारी, दुर्गा प्रसाद राजवंशीको पत्नी, झापा जिल्ला, जुरोपानी गा.वि.स/उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको सुकवती राजवंशी (ना.प्र.प.नं. ४२३१३१३७, झापा)
२. नारायण सिंह राजवंशीको नाति, दुर्गा प्रसाद राजवंशीको छोरा, झापा जिल्ला, जुरोपानी गा.वि.स/उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको गणेश कुमार राजवंशी (ना.प्र.प.नं. ४२३११६२१, झापा)
३. नारायण सिंह राजवंशीको नाति, दुर्गा प्रसाद राजवंशीको छोरा, झापा जिल्ला, जुरोपानी गा.वि.स/उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको राजेश राजवंसी (ना.प्र.प.नं. ०४३०४७/८५६, झापा)

शाखा कार्यालय : मंगलबारे, मोरङ्ग

**ऋणीको विवरण**

भिम बहादुर खड्काको नाति, कृष्ण बहादुर खड्काको छोरा, मोरङ्ग जिल्ला उर्लाबारी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको राजु खड्का (ना.प्र.प.नं. १४८०९, मोरङ्ग)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

कृष्ण बहादुर खड्काको बुहारी, राजु खड्काको पत्नी, झापा जिल्ला, तोपगाछी गा.वि.स/न.पा. वडा नं ७ स्थित स्थायी ठेगाना भएको मिना घिमिरे (ना.प्र.प.नं. ९७७३७६४२, झापा)

काङ्ग्रेसमा समानान्तर गतिविधि

# ‘कारबाही कार्ड’ले धम्क्याउँदै संस्थापन, गलाउने रणनीतिमा इतर

## फाइनल स्टेपका लागि अदालतको आदेश कुर्दै दुवै पक्ष



**संस्थापन पक्षको गतिविधि**

२१ फागुनको चुनावपछि पदाधिकारी तहमा आन्तरिक समीक्षा
३ चैतमा सभापति गगन थापाको राजीनामा
६-८ मा केन्द्रीय समिति बैठक, सभापतिको राजीनामा अस्वीकृत
१०-११ चैतमा केन्द्रीय समिति बैठक, १५औँ महाधिवेशनको मिति तय
१४ चैतमा नवनिर्वाचित सांसदका लागि ‘संसदीय सचेतना’ कार्यक्रम
१४ चैतमा पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउबारे विज्ञप्ति, सरकारले चयनमुखी निर्णय गरेको आरोप।
१८ चैतमा केन्द्रीय अनुशासन समिति बैठक, चुनावसम्बन्धी ५०७ उजुरीउपर ७ दिने स्पष्टीकरण सोध्ने निर्णय



**इतर पक्षको गतिविधि**

२१ फागुनको चुनावपछि सभापति गगन थापा र विशेष महाधिवेशनले हारको जिम्मा लिनुपर्ने माग
८ चैतमा पूर्णबहादुर खड्का-शेखर कोइरालालगायत शीर्ष नेताको भेला। १४औँ महाधिवेशनको केन्द्रीय समिति सदस्यहरूको बैठक बोलाउने निष्कर्ष
१४ चैतमा रमेश लेखक पक्राउको विरोधमा कार्यवाहक सभापतिको हैसियतमा पूर्णबहादुर खड्काद्वारा विज्ञप्ति जारी गर्दै संवैधानिक, कानुनी र राजनीतिक प्रतिवादको निर्णय
१६ चैतमा नवनिर्वाचित प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यलाई बधाई ज्ञापन
१७-१८ चैतमा १४ औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूको भेला
१९ चैतमा इतर पक्षका जिल्ला सभापतिहरूको भेला बोलाइएको

विक्रम रत्न

काठमाडौँ। नेपाली कांग्रेसमा संस्थापन पक्षलाई चुनौती दिँदै इतर पक्षले समानान्तर गविविधि जारी राखेको छ। २६-३० पुसमा भएको दोस्रो विशेष महाधिवेशन अस्वीकार गर्दै आएको देउवा-कोइराला समूह गत २१ फागुनको चुनावमा भने सभापति गगन थापाबाटै टिकट लिएर सहभागी भएको थियो। चुनाव सकिएलगत्तै सर्वोच्च अदालतमा विचाराधीन मुद्दालाई देखाउँदै इतर पक्ष फेरि सक्रिय भएको छ। पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा इतर समूह संगठित रूपले जुटिरहेको छ। विशेष महाविधेशनलाई मान्ने कि नमान्ने ? सर्वोच्च अदालतको आदेशपछि पनि के गर्ने ? लगायत विषयमा विरोधाभाषमा रुमल्लिएको इतर समूहले तत्कालका लागि आफ्नो अस्तित्व बचाउन र शक्ति प्रदर्शनका लागि गतिविधि सञ्चालन गरिरहेको देखिएको छ। आफूपक्षीय नेता, कार्यकर्ताहरूलाई इन्गेज गर्न इतर सक्रिय छ। संस्थापनले इतरका गतिविधिलाई चुनौतीका रूपमा लिएको भए पनि तत्काल एक्सनमा उत्रिएर कारबाहीको डन्डा चलाउन भने हच्किएको छ। एक-अर्कालाई तर्साउने र धम्क्याउने नीतिमा दुवै पक्ष देखिएसँगै पार्टीको आन्तरिक राजनीति खल्बलिन पुगेको छ भने संसदीय दलको नेता चयनमा समेत ढिलाइ हुन पुगेको छ।

### समानान्तर गतिविधि शृंखला

२१ फागुनको प्रतिनिधिसभा चुनावमा पार्टीले लज्जास्पद हार बेहोरेपछि इतर समूहका नेताहरूले सार्वजनिक रूपमै त्यसको सम्पूर्ण दोष विशेष महाधिवेशन र त्यसबाट सभापति निर्वाचित गगन थापालाई लगाउँदै उनको राजीनामा मागे। आन्तरिक छलफलपछि थापाले ३ चैतमा राजीनामा दिए, तर ६-८ चैतमा बसेको केन्द्रीय समिति बैठकले उनको राजीनामा अस्वीकृत गरेसँगै उनी पार्टी जिम्मेवारीमा फर्किए। लगत्तै १०-११ चैतमा पुनः केन्द्रीय कार्यसमिति बैठक राखेर १५औँ महाधिवेशनको मिति तय गरियो। आगामी असोज १६-१९ मा महाधिवेशन गर्ने तय भएको छ।

संस्थापनले १४ चैतमा नवनिर्वाचित सांसदहरूका लागि ‘संसदीय सचेतना’ कार्यक्रम गर्‍यो। सोही दिन कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखक जेनजी आन्दोलन दबाउन बल प्रयोग गरेको प्रकरणमा पक्राउ परे। कांग्रेसले लेखक पक्राउको सन्दर्भमा आन्दोलनको घोषणा गर्ला र सडकमा जाला भन्ने देउवा समूहको आशा थियो। तर, त्यसो भएन। लेखकको नामसमेत उच्चारण नगरी प्रवक्ता देवराज चालिसेले सरकारले चयनमुखी निर्णय गरेको मात्रै भने। यसबाट इतर पक्ष रुष्ट बन्यो। १८ चैतमा कांग्रेस केन्द्रीय अनुशासन समितिको बैठकले चुनावसम्बन्धी ५०७ उजुरीउपर ७ दिनभित्र स्पष्टीकरण सोध्ने निर्णय गरेको छ।

यता, इतर समूह ८ चैतदेखि सक्रिय भएको हो। ८ चैतमा पूर्णबहादुर खड्का, शेखर कोइरालालगायत शीर्ष नेताहरूले भेला गर्दै १४औँ महाधिवेशनको केन्द्रीय समिति सदस्यहरूको बैठक बोलाउने निष्कर्ष निकाले। १४ चैतमा रमेश लेखक पक्राउको विरोधमा कार्यवाहक सभापतिकै हैसियतमा खड्काले विज्ञप्ति निकालेर औपचारिक रूपमा समानान्तर गतिविधि सुरु भएको सन्देश दिए। उनले लेखक पक्राउको सन्दर्भमा संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने बताएका थिए। उनले विज्ञप्ति निकालेकोप्रति संस्थापनले आगामी दिनमा विज्ञप्ति निकाले कारबाही गर्नेसम्मको चेतावनी दिए पनि देउवा समूह रोकिएन। बरु १६ चैतमा प्रतिनिधिसभा र राष्ट्रियसभाका नवनिर्वाचित सदस्यहरूलाई बधाई ज्ञापन कार्यक्रम नै राख्यो। सो समूहले १७-१८ चैतमा १४औँ महाधिवेशनका केन्द्रीय सदस्यहरूको भेला गरिसकेको छ। कोइराला समूहले बैठकका रूपमा नबस्ने अडान लिएपछि बैठक नभनेर भेला भनिएको छ। इतर समूहले १९ चैत (आज) आफूपक्षीय जिल्ला सभापतिहरूको भेला बोलाएको छ।

### अनुशासन आयोगले थाल्यो काम, समानान्तर गतिविधि गर्नेलाई चेतावनी

बुधबार बसेको केन्द्रीय अनुशासन आयोगको बैठकले चुनावको सन्दर्भमा अनुशासन उल्लघंन गरेको ५०७ जना व्यक्तिविरुद्ध ७ दिनभित्र स्पष्टीकरण माग गर्ने निर्णय गरेको छ। कांग्रेसमा थापा-देउवा-कोइराला पक्षले एकअर्कालाई अन्तरघात गरेको आरोप लगाएका छन्। कांग्रेसले अन्तरघात गर्नेहरूलाई ५ प्रकारमा वर्गीकरण गरेर ७ दिनभित्र स्पष्टीकरण माग गर्ने आयोगका सचिव दिनेश थापा मगरले जानकारी दिए। आयोगले निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई पार्टीको लेटरप्याड प्रयोग नगर्न चेतावनी पनि दिएको छ। हुँदै नभएको जिम्मेवारी छ भनी अनधिकृत वक्तव्य जारी गरेको भन्दै पुनः त्यसो गरिए कारबाही गरिने चेतावनी दिइएको छ। ‘नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी अनधिकृत वक्तव्य जारी गर्ने कार्य गलत भएकाले सचेत गराइन्छ,’ अनुशासन आयोगले भनेको छ, ‘अबउप्रान्त यस किसिमको गलत काम गर्ने जोकोही व्यक्तिउपर कांग्रेसको विधान र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गर्दछ।’

### शेखरका कारण दिइएन बैठकको मान्यता

संस्थापन इतर समूहको भेलालाई औपचारिक मान्यता नदिने पक्षमा नेता शेखर कोइराला उभिएका थिए। उनले छलफल गर्न सकिने, तर लिखित रूपमा अगाडि बढ्नु नहुने अड्डी कसेपछि बैठकलाई भेलामा रूपान्तरण गरिएको थियो। ‘बैठकको संज्ञा नदिऊँ, माइन्यूट नगरौँ। अनौपचारिक छलफल गरौँ,’ कोइरालाको भनाइ उद्धृत गर्दै उनको सचिवालयले जानकारी दियो। इतर समूहको भेला गुनासो सुनाउने थलोमात्रै बनेको बैठकमै सहभागी कतिपय नेताहरूले बताएका छन्। संस्थापनले एकलौटी गरेको, आफूहरूको अस्तित्व स्वीकार नगरेको भन्दै १४औँ महाधिवेशनका केन्द्रीय सदस्यहरूले असन्तुष्टि जनाएका छन्। उनीहरूले पार्टी एकतामा जोड दिँदै एकताको बाटो पहिल्याउन शीर्ष नेताहरूलाई सुझाव दिएका छन्। इतर पक्षका शीर्ष नेताहरूले भने २२ चैतमा सर्वोच्च अदालतमा मुद्दाको सुनुवाइ रहेको भन्दै त्यसपछि मात्रै थप कदमबारे छलफल हुने बताएका छन्। इतर समूहले आफ्नो शक्ति प्रदर्शन गरेर संस्थापनसँग शक्तिको बार्गेनिङ गर्ने तथा संस्थापनले सर्वोच्चबाट समेत मान्यता पाएको अवस्थामा आगामी महाधिवेशनसम्म समूहलाई सक्रिय पार्ने रणनीति देखिएको छ।

इतर समूहका नेता दीपक गिरीले पार्टीलाई एकताबद्ध बनाएर लाने विषयमा नै छलफल भइरहेको बताए। उनले सर्वोच्चको फैसला कुरिरहेको भन्दै त्यसपछि मात्रै थप रणनीति बन्ने बताए। ‘इतर समूहका गुनासाहरू छन्। तर विभाजित हुनुहुँदैन, एकताबद्ध भएर जानुपर्छ भन्ने नै कुरा भएको छ। २२ गते सर्वोच्चको मुद्दा के हुन्छ भन्ने पर्खाइ छ। त्यसलाई मध्यनजर गर्दै एकतावद्ध हुँदै जानुपर्छ भन्ने हो,’ उनले भने। त्यस्तै, इतर समूहकै अर्का नेता रामहरि खतिवडाले पार्टीलाई एकताबद्ध बनाउन नै छलफल गरेको जिकिर गरे। उनले कांग्रेस एकै रहेको भन्दै संस्थापनले पेलेर जानु नहुने र पुरानालाई पनि सम्मान गर्नुपर्ने बताए।

‘पार्टीमा बृहत् एकता आवश्यक छ। यसमा संस्थापन पक्षले ध्यान दिनैपर्छ। कसैलाई पेलेर, ठेलेर जाने अवस्था छैन। कांग्रेस सुधार्न छलफल गरेको हो, पार्टी फुटाउन होइन। दुवै समूह एकसाथ हिँड्नुपर्छ। एक-अर्कालाई दोष लगाएर हुँदैन,’ उनले भने, ‘एकताबद्ध हुन छलफल हो। रूख र चार तारा जहाँ हुन्छ, कांग्रेस त्यहीँ हुन्छ। नेतृत्व पुराना पनि चाहिन्छ, नयाँ पनि चाहिन्छ। पुरानालाई सम्मान, नयाँलाई आकर्षित गर्नुपर्छ।’

# लालझाडीमा सिकलसेल पहिचान गरिँदै

सौर्य समाचार

कञ्चनपुर। लालझाडी गाउँपालिकाको शंकरपुरमा सञ्चालन गरिएको सिकलसेल एनिमिया तथा थालासेमिया निःशुल्क स्क्रिनिङ स्वास्थ्य शिविरमा ५२० जनाको रगत परीक्षण गरिएको छ। स्वास्थ्य कार्यालय कञ्चनपुरको आयोजनामा सम्पन्न उक्त शिविरमा ३९४ महिला र १२६ पुरुषको रगत परीक्षण गरिएको हो। परीक्षण गरिएकामध्ये ४१ जनामा ट्रेट (बाहक) देखिएको स्वास्थ्य कार्यालयका फोकल पर्सन सिद्धराज भट्टले जानकारी दिए। ट्रेट देखिएका २९ महिला र १२ पुरुषलाई थप पुष्टि परीक्षण (कन्फरमेसन) का लागि प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, धनगढी पठाइएको छ।

सिकलसेल एनिमिया र थालासेमिया वंशाणुगत (आनुवंशिक) रगतसम्बन्धी रोग हुन्। फोकल पर्सन भट्टका अनुसार सिकलसेल एनिमियामा रातो रक्तकोशिकाको आकार हँसिया जस्तो हुने भएकाले शरीरका विभिन्न भागमा रगतको प्रवाह अवरुद्ध हुन सक्छ। यसले अत्यधिक पीडा, रक्तअल्पता (एनिमिया), कमजोरी, बारम्बार संक्रमण, हातखुट्टा सुन्निने, छाती दुख्ने, सास फेर्न गाह्रो हुने, किड्नी, कलेजो तथा अन्य अंगमा समस्या जस्ता गम्भीर असर पार्न सक्छ। गम्भीर अवस्थामा यसले जीवन जोखिममा पार्न सक्छ। थालासेमिया रगतमा हेमोग्लोबिनको मात्रा कम हुने आनुवंशिक रोग हो। यस रोगका बिरामीलाई नियमित रूपमा रगत चढाउनुपर्ने हुन सक्छ र समयमै उपचार नपाएमा विभिन्न जटिल स्वास्थ्य समस्या देखिन सक्छन्।

‘यी दुवै रोग पूर्णरूपमा निको हुने नभए पनि समयमै पहिचान, परामर्श, विवाहअघि परीक्षण तथा आवश्यक उपचार व्यवस्थापनबाट यसको असर कम गर्न सकिन्छ,’ फोकल पर्सन भट्टले भने, ‘विशेषगरी ट्रेट भएका व्यक्तिहरूबीच विवाह भएमा सन्तानमा रोग देखिने सम्भावना बढी हुने भएकाले स्क्रिनिङ अत्यन्त महत्त्वपूर्ण हुन्छ।’ समुदायस्तरमै सिकलसेल एनिमिया तथा थालासेमिया जस्ता वंशाणुगत रोगको पहिचान तथा नियन्त्रण गर्ने उद्देश्यले उक्त शिविर सञ्चालन गरिएको फोकल पर्सन भट्टले बताए।

यसैबीच, लालझाडी गाउँपालिकाको आयोजना तथा च्यारिटी हेल्थ फाउन्डेसन नेपाल र धनगढी नेत्रालय, धनगढी कैलालीको प्राविधिक सहयोगमा यहाँ सञ्चालित निःशुल्क आँखा शिविरबाट २४८ जनाले सेवा लिएका छन्। सेवाग्राहीले आँखा परीक्षण गराएका हुन्। परीक्षणका क्रममा २८ जनामा मोतिबिन्दुको समस्या देखिएकाले निःशुल्क शल्यक्रियाका लागि रिफर गरिएको छ भने साथै, ३८ सेवाग्राहीलाई रिडिङ ग्लास (चस्मा) प्रदान गरिएको छ।

ग्रामीण क्षेत्रमा आँखासम्बन्धी रोगको पहिचान तथा समयमै उपचार सेवा विस्तार गर्ने उद्देश्यले शिविर सञ्चालन गरिएको हो। मोतिबिन्दु आँखाको लेन्स धमिलो हुने समस्या हो। जसले दृष्टि कमजोर बनाउँदै अन्ततः अन्धोपनसमेत निम्त्याउन सक्छ। तर समयमै शल्यक्रियामार्फत यसलाई सहजै निको पार्न सकिने शिविरमा सहभागी नेत्र चिकित्सकले बताए।


## ग्लोबल आइएमई बैंक लिमिटेडको
### गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मिति : २०८२/१२/१९ गतेको सौर्य राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

| सम्पतिको विवरण (घर/जग्गाको विवरण) | थप विवरणका लागी |
|---|---|
| **नक्साल शाखा, काठमाडौं** | |
| **मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको:** काठमाडौं जिल्ला, गोंगबु गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३२५ र ३२६ को क्षेत्रफल क्रमशः १९८.८५ र १८४.०० व. मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **इटहरी शाखा, सुनसरी** | |
| **मालपोत कार्यालय ईनरुवा, सुनसरीमा दर्ता कायम रहेको:** १. सुनसरी जिल्ला भादगाउँ सिनुवारी गा.वि.स./न.पा. वडा नं. ५ ख स्थित कि. नं. ९११ र ९१३ को क्षेत्रफल क्रमशः ०-०-३.५-० र ०-१-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. सुनसरी जिल्ला मधेशा गा.वि.स./न.पा. वडा नं. ४ ख स्थित कि. नं. ११५ को क्षेत्रफल ०-२-११.५-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **बुटवल शाखा, रुपन्देही** | |
| **मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको :** १. रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. २०१५ र ११९ को क्षेत्रफल क्रमशः ०-१५-६.७५-० र ०-१-१-० विगाहा वा ५१९३.७३ र ३५५.५७ व.मि. को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. १३३४ र ४०९ को क्षेत्रफल क्रमशः ०-२-०.७५-० र ०-१२-११.५०-० विगाहा वा ६८९.९८ र ४२५८.३९ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **बिरगंज शाखा, पर्सा** | |
| **मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता कायम रहेको :** पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १९ स्थित कित्ता नं. ८८ (साविक कित्ता नं. ६४२) को क्षेत्रफल १०१.६० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय: २०८२ चैत्र २५ गते बुधबार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र २६ गते बिहीबार दिनको ३ बजे**
**बोलपत्र खोलिने स्थान: ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००



Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply and Sewerage Management**
**Water Supply and Sewerage Management Office**
Dhankuta

**Invitation of Electronic Bids**

**Date of publication: 2nd April, 2026.**

Water Supply and Sewerage Management Office-Dhankuta, invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding Procedure. Eligible bidder may obtain further information from the www.bolpatra.gov.np/egp and aforementioned office address: -

| SN | Contract No. | Procurement Method | Description of Works | Estimated Cost (Exclusive of VAT and Contingencies) | Bid Security Fee | Bid Document Fee (NRS.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | 05/082/83/ GOODS/ WSSMO/ DHANKUTA | NCB | Procurement and Supply of PE-100 Series Pipes of Different Diameter for different Water Supply Project of Taplejung, Panchtar and Ilam(Package-5). | 14136700.18 | 4,10,000.00 | 3,000.00 | 3rd May 2026, 12:00 hours. |

Office Chief



**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/१२/१९**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना बमोजिम यस कार्यालयमा e-bidding मार्फत समय सीमा भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलको बोलपत्र छनौट भएको हुदाँ यस कार्यालयको निर्णयानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.र पि.एस.समेत) |
|---|---|---|---|---|
| 1. | HSMC/GOODS /02/082/83 | Procurement, Supply and Delivery of 4WD Double Cab Pick-up | M/S Sipradi Trading Pvt.Ltd, Chandragiri-14, Kathmandu | NRs. 41,37,889.00 |
| 2. | HSMC/GOODS /03/082/83 | Procurement, Supply and Delivery of Full Option 4WD SUV Hardtop Jeep | M/S Agni Incorporated Pvt.Ltd., Ward no-03, Kathmandu | NRs. 92,50,000.00 |

प्रमुख प्रशासकिय अधिकृत



**Madhyanepal Municipality**
**Office Of The Municipal Executive**
Bhorletar, Lamjung
Gandaki Provience, Nepal

**Invitation for electronic bids(Re-Sealed Quotation)**

**Date of First Publication:2082/12/03 (17th March.,2026)**
**Date of 2nd Publication:2082/12/19 (2nd April.,2026)**

1. MadhyanepalMunicipality, Office Of The Municipal Executive, Bhorletar, Lamjung invites electronic bids from Nepalese duly eligible qualified bidders for the procurement of following works under bids.

| S.N | Contract No. | Description of works & Location | Estimated Amount (NRs) withVAT& P.S. | BidSecurity(NRs) Validity Period 75 days after bid opening date. | Cost of Bid Documents (NRs) |
|---|---|---|---|---|---|
| 1 | MNM/NCB/SQ /82/83/W/03 | Shahid Park Nirman , Madhyanepal-01, Jita, Lamjung. | 12,60,628.00 | 32,000.00 | 1,000.00 |
| Bid submission Deadline:- 12:00 Noon on 2083/01/04(17th April.,2026) | | | Bid Opening Date 13:00 PM on 2083/01/04(17th April, 2026) | | |

For Bid document Fee: Account No.: 0317901210260067
Account Name: Madhyanepal Municipality, bhorletar, lamjung. Aantarik Rajaswa Khataa Ga.1.1
For Bid Bid Security: Account No.: 0317901210260032
Account Name: Staniya Taha Dharauti Khata GA 4.1Bank Name: Agricultural Development Bank, Bhorletar, Lamjung.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of MadhyanepalMunicipality Tel: 066-410152 email: madhyanepalmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

*Chief Administrative Officer*

## सम्पादकीय

# रूपान्तरणका लागि नयाँ संसद्

आजदेखि सुरु हुन गइरहेको संसद्को हिउँदे अधिवेशन प्रतिनिधिसभाको नयाँ कार्यकालको प्रस्थान विन्दु भएका कारण आमजनताको विशेष चासो हुनु स्वाभाविक हो । हुन त संसदीय लोकतन्त्रको इतिहासमा यस्ता अधिवेशनहरू निरन्तर प्रक्रिया हुन्, तर यसपटक संसद्मा तुलनात्मक रूपमा धेरै नयाँ अनुहार र नयाँ दलहरूको प्रवेश भएका कारण स्वतः चासो बढेको छ । त्यसमा पनि यसपटकको प्रतिनिधिसभालाई विभिन्न विषयमा विज्ञता हासिल गरेका युवाहरूको थलोका रूपमा समेत टिप्पणी गरिएको छ । नयाँ पार्टीबाट प्रतिनिधित्व गरेका युवा विज्ञहरूले आफ्नो आवाजलाई नीति निर्माण तहमा के कसरी प्रतिविम्बित गराउँछन् भन्ने मतदाताको अत्यधिक चासो देखिएका कारण पनि यो अधिवेशन विगतका भन्दा भिन्न मात्र होइन, चुनौतीपूर्णसमेत देखिन्छ । एउटै पार्टीको करिब दुईतिहाइ बहुमत भएका कारण बैठकका कारबाही अगाडि बढाउन र सरकारलाई आफ्ना एजेन्डा पारित गराउन खासै चुनौती नदेखिए पनि जनताले गरेका आशा र अपेक्षालाई मूर्त रूप दिने काम चुनौतीपूर्ण नै देखिन्छ । चुनावी परीक्षामा निकै ठुलो अंकसहित सफल भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का लागि यो अधिवेशन सबैभन्दा ठुलो परीक्षा हो । परीक्षाको सुरुआती चरण स्वाभाविक रूपमा सर्वाधिक महत्त्वपूर्ण हुन्छ भन्ने कुरा रास्वपाले बुझेकै हुनुपर्छ । सामान्यतया बैठकको पहिलो दिन राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्र पढेर सुनाउने, नयाँ सांसदहरूको स्वागत र दलीय आधारमा नेताहरूले सम्बोधन गर्ने तथा सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने लगायतका कर्मकाण्डमै बित्ने गर्दछ । त्यसैले कार्यविधि निर्धारण, सभामुख तथा उपसभामुखको चयन र संसदीय समितिहरू गठन लगायतका काम दोस्रो बैठकबाटै सुरु हुन्छन् । खासमा यी कामहरूले नै रास्वपाले संसद्लाई कुन रूपमा सदुपयोग गर्छ भन्ने कुराको निर्क्योल गर्नेछ ।

सिद्धान्ततः संसद्को मूल जिम्मेवारी सरकार जन्माउने मात्र नभई सरकारले गर्ने कामका लागि विधि निर्माण तथा सरकारका कामको अनुगमन र खबरदारी गर्नु हो । तर संसद्मा सरकार हाबी हुने समस्याबाट हाम्रो मुलुक अझै मुक्त छैन । संसद्माथि सरकार हाबी हुन्छ कि सरकारमाथि संसद् ? भन्ने कुराको निर्क्योल विधि-विधानले भन्दा पनि सभामुख बन्ने व्यक्तिको योग्यता, क्षमता र कार्यकुशलताले निर्धारण गर्छ । विगतको अनुभवले समेत पुष्टि गरेको यो मामलालाई नवोदित पार्टी रास्वपाले कसरी आत्मसात् गर्छ र कस्तो पात्रलाई सभामुख पदका लागि अघि सार्छ भन्ने प्रश्नको उत्तर अब छिट्टै नै आउनेछ । निष्पक्ष भूमिका निर्वाह गर्न सक्ने पात्रलाई सभामुखका लागि अघि सारियो भने निश्चय नै संसद्भित्रका अभ्यासका क्रममा देखिएका खराब नजिरको पुनरावृत्ति हुने छैन । अवकाशपछि फेरि फर्केर पार्टीभित्र सक्रिय राजनीति गरी प्रधानमन्त्री बन्ने महत्त्वाकांक्षा राखेका पात्रहरूलाई सभामुखका रूपमा अघि सारेकै कारण पुराना दलहरू चुकेका हुन् भन्ने यथार्थ रास्वपाले बुझेकै होला । उपसभामुख चयनको संवैधानिक मर्म पनि रास्वपाले बुझेकै हुनुपर्छ । यसैगरी पूर्ण बैठक बाहेक अन्य मामलामा संसदीय समितिहरूको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । सबै संसदीय समितिमा आफ्नै पार्टीका सांसदलाई सभापति बनाउने गणितीय तागत रास्वपाले राख्छ । यो तागतलाई उसले कसरी प्रयोग गर्छ भन्ने कुरा संसदीय समिति गठन पछि नै थाहा हुनेछ ।

आसन्न अधिवेशन संविधानतः विधेयक अधिवेशनसमेत हो । तर अघिल्लो संसद्ले टुंग्याएका कतिपय विधेयकहरू अलपत्र छन् । ती विधेयकका कतिपय प्रावधानमा वर्तमान सरकारको विमति छ भने त्यो छुट्टै पाटो हो, होइन भने ती विधेयकलाई द्रुत मार्गबाट अघि बढाउँदा समय र साधन स्रोतको बचत हुन्छ । सरकारले हालै ल्याएको १०० बुँदे कार्यसूची हेर्ने हो भने पनि संसद्को आसन्न अधिवेशनले निकै धेरै कानुन तर्जुमा गर्नुपर्ने हुन्छ । तर समय अत्यन्त छोटो छ, किनकि जेठ १५ गते बजेट प्रस्तुत गर्नुपर्ने भएकाले आसन्न हिउँदे अधिवेशन वैशाखको अन्तिम साताभन्दा बढी लम्ब्याउन सकिने अवस्था छैन । बजेट अधिवेशन सुरु भइसकेपछि त्यस बाहेकका विधेयकमाथिको छलफल अघि बढाउन सम्भव हुँदैन । त्यसैले आसन्न हिउँदे अधिवेशनको १ महिनाको यो छोटो अवधिलाई बढीभन्दा बढी सदुपयोग गर्नु मुलुकको आवश्यकता हो । सरकारले सुरुआती चरणमै आफ्ना कार्यसूचीलाई जुन रूपमा अघि बढाएको छ, त्यसलाई हेर्ने हो भने विगतमा जस्तो संसद् अधिवेशनको महत्त्वपूर्ण समय खेर फाल्ने छुट छैन । एकदिनमा एक-डेढ घण्टा बैठक बस्ने र दुई-तीन दिन खाली गर्ने यसअघिको प्रचलनको मुख्य कारण सरकारले संसद्लाई बिजनेस दिन नसक्नु हो । तर यसपटक भने संसद्ले पर्याप्त बिजनेस पाउने प्रारम्भिक लक्षण देखिएको छ । यो नै मुलुकका लागि सबैभन्दा सकारात्मक पक्ष हो । नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने महत्त्वपूर्ण विधेयकहरूलाई अगाडि बढाउन अब कुनै कसर बाँकी नराखियोस् ।

# नेपाली कांग्रेसभित्रको संकट : दलाल व्यवस्थापन कि वैचारिक विचलन ?


विन्दुकान्त घिमिरे

> “ भर्खरै सम्पन्न आमनिर्वाचनरूपी प्रतिस्पर्धामा रास्वपा मात्र पास भयो, अरू सबै पार्टी फेल भए । फेल हुनेहरूमध्ये नेपाली कांग्रेसले सबैभन्दा धेरै सिट पाएको मात्र हो । यसैलाई आत्मसन्तुष्टिको माध्यम बनाउनु भनेको “कुस्तीको पराजित खेलाडीले शरीर तल परे पनि खु ा त माथि नै थियो” भनेर घमण्ड गरे जस्तै हो

नेपाली कांग्रेस पार्टी इतिहासकै सबैभन्दा सानो, प्रभावविहीन र कमजोर बनेको कुरा स्वीकार गर्न विशेष महाधिवेशनबाट बनेको टिम तयार होला वा नहोला, त्यो आफ्नो ठाउँमा छ । तर, सत्य यही हो कि भर्खरै सम्पन्न आमनिर्वाचनमा यसले जम्मा १६ प्रतिशत जनमत मात्र प्राप्त गर्‍यो र प्रत्यक्षतर्फ १६५ सिटमध्ये जम्मा १८ सिटमा मात्र विजय हासिल गर्‍यो ।

यो यथार्थलाई नेपाली कांग्रेसको विशेष महाधिवेशन टोलीले पार्टी पहिलोबाट दोस्रो स्थानमा झरेको रूपमा मात्र विश्लेषण गरेको छ । यसअघि पनि पटकपटक दोस्रो पार्टी भएकाले अहिलेको पराजयलाई त्यति ठुलो असफलता र निराशाजनक रूपमा लिन नमिल्ने निष्कर्ष यही ११ चैतमा बसेको केन्द्रीय समितिको बैठकले निकालेको छ । झट्ट हेर्दा यो कुरा गलत पनि लाग्दैन, किनकि २०५१ साल, २०६४ साल र २०७४ सालको आमनिर्वाचनमा पनि नेपाली कांग्रेस दोस्रो पार्टीमै झरेको थियो ।

तर, त्यतिबेला दोस्रो पार्टी हुँदै गर्दा कांग्रेसले कति सिट र कति प्रतिशत जनमत प्राप्त गरेको थियो ? र अहिले दोस्रो पार्टीमा झर्दा कति सिट र कति प्रतिशत जनमत प्राप्त गरेको छ ? भन्ने प्रश्नको उत्तर भने ज्यादै नै लज्जास्पद छ । विगतमा तीनपटक नेपाली कांग्रेस दोस्रो पार्टी बन्दै गर्दा पहिलो हुने एमाले र माओवादीले बहुमत हासिल गर्न सकेका थिएनन् । त्यसैले कांग्रेस निर्णायक भूमिकामा रहन्थ्यो र दोस्रो हुँदाहुँदै पनि सत्ताको नेतृत्व गर्ने अवसर कांग्रेसले प्राप्त गरेको थियो ।

त्यतिबेला कांग्रेसलाई उछिनेर पहिलो पार्टी बनेका एमाले र माओवादीले कति-कति सिट तथा जनमत प्राप्त गरेका थिए ? र अहिले पहिलो हुने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कति सिट तथा कति प्रतिशत जनमत प्राप्त गरेको छ ? भन्ने तुलनाले पनि नेपाली कांग्रेस इतिहासकै सबैभन्दा कमजोर र भूमिकाविहीन भएको तथ्यलाई अस्वीकार गर्न मिल्दैन । यथार्थ भन्नुपर्दा, भर्खरै सम्पन्न आमनिर्वाचनरूपी प्रतिस्पर्धामा रास्वपा मात्र पास भयो, अरू सबै पार्टी फेल भए । फेल हुनेहरूमध्ये नेपाली कांग्रेसले सबैभन्दा धेरै सिट पाएको मात्र हो । यसैलाई आत्मसन्तुष्टिको माध्यम बनाउनु भनेको ‘कुस्तीको पराजित खेलाडीले शरीर तल परे पनि खुट्टा त माथि नै थियो’ भनेर घमण्ड गरे जस्तै हो ।

बाहिर जेसुकै भए पनि पराजयको पीडाले नेपाली कांग्रेसभित्रको छटपटी सामान्य छैन । भृकुटीमण्डपमा विशेष महाधिवेशन गर्नेहरूलाई निर्वाचन आयोगले आधिकारिकता दिएको सत्य हो । सरकारी रेकर्डमा यो समूह नै नेपाली कांग्रेस हो र यही समूहको नेतृत्वमा नेपाली कांग्रेसले आमनिर्वाचन २०८२ मा भाग लिएको हो । तर, यसैलाई आधार बनाएर नेपाली कांग्रेस सिंगो छ भनियो भने त्यहाँभन्दा ठुलो राजनीतिक अबुझपन केही पनि हुँदैन ।

दुई वटा पार्टी - राष्ट्रिय कांग्रेस र प्रजातन्त्र कांग्रेसको एकीकरणबाट जन्मेको नेपाली कांग्रेसमा स्थापनाकालदेखि नै दुई धार रहँदै आएका छन् । यी दुई धारको समुचित व्यवस्थापन गर्न नेतृत्व तह सफल हुँदै आएका कारण अहिलेसम्म नेपाली कांग्रेस सिंगो रहेको हो । जब यी धारहरूको व्यवस्थापन गर्न नेतृत्व असफल हुन्छ, तब नेपाली कांग्रेसमा समानान्तर गतिविधि भएका र विभाजन भएका उदाहरणहरू धेरै छन् । नेतृत्वले उचित व्यवस्थापन गर्नासाथ समानान्तर गतिविधि मत्थर भएका तथा पार्टी एकीकरण भएका उदाहरण पनि धेरै छन् ।

नेपाली कांग्रेसको अहिलेको संकट पनि पार्टीका समानान्तर गतिविधि व्यवस्थापन गर्न नेतृत्व तह चुक्नुको परिणाम हो । भृकुटीमण्डप विशेष महाधिवेशन सभापति शेरबहादुर देउवाको असफलताको परिणाम हो । पार्टीभित्र समानान्तर गतिविधि गरिरहेको महामन्त्री गगन थापाको समूहलाई विशेष महाधिवेशनसम्म धकेलेको यथार्थलाई बुझिएन भने कांग्रेसको वर्तमान संकटको वास्तविक भेउ पाउन सकिँदैन । विशेष महाधिवेशनलाई संवैधानिक अंग निर्वाचन आयोगले आधिकारिकता दिइसकेपछि निश्चय नै नेपाली कांग्रेसको आन्तरिक मामिलामा नयाँ अध्याय सुरु भएको थियो ।

तर, यो नयाँ अध्यायको उचित व्यवस्थापन गर्न वर्तमान संस्थापन टोली असफल हुँदा पार्टीभित्र फेरि समानान्तर गतिविधि निकै पेचिलो रूपमा सुरु भएको छ । किनकि विशेष महाधिवेशनमा भाग नलिएको पक्षले आमनिर्वाचनको अन्तिम परिणाम आउनासाथ संस्थागत रूपमै समानान्तर गतिविधि सुरु गरेको छ । विशेष महाधिवेशनको वैधानिकता बारेको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेका कारण नेपाली कांग्रेसको भविष्य यस्तै हुन्छ भनेर आकलन गर्न सकिने अवस्था छैन । तर, संवैधानिक अंग निर्वाचन आयोगले गरेको निर्णयलाई आधार मान्दा विशेष महाधिवेशनमा सहभागी नभएको पक्षले गरेको संस्थागत समानान्तर गतिविधि अवैध हो ।

सामान्यतया यस्तो अवैध गतिविधि गर्नेहरू कारबाहीमा पर्छन् भन्ने कुरामा पुरानो संस्थापन पक्ष अनभिज्ञ छैन । कारबाहीको चेतावनीलाई वास्ता नगरी ‘जे पर्ला पर्ला’ भन्ने मानसिकताका साथ पुरानो संस्थापन पक्ष अघि बढेको देखिन्छ । वर्तमान संस्थापन पक्षले संस्थागत रूपमै समानान्तर गतिविधि गरिरहेको पुरानो संस्थापन पक्षलाई के-कसरी लक्षित गर्छ ? भन्ने प्रश्न राजनीतिमा रुचि राख्ने धेरैका लागि चासोको विषय बन्नु स्वाभाविकै हो ।

यसका लागि विकल्प दुई वटा मात्र छन् - कि त पार्टीबाट निष्कासन गर्ने, कि त व्यवस्थापन गर्ने । वर्तमान संस्थापन पक्षभित्र यी दुवै मत उत्तिकै बलशाली देखिन्छन् । सभापति गगन थापाका लागि मुख्य धर्मसंकट यहीँनिर छ । त्यसैले उनी अनिर्णयको बन्दी बन्ने अवस्थामा छन्, न त निष्कासन गर्न सक्छन्, न त व्यवस्थापन । समानान्तर गतिविधिलाई समयमै व्यवस्थापन नगर्नु भनेको निष्कासन गर्नु जस्तै हो । यसले पार्टी विभाजनलाई अवश्यम्भावी बनाउँछ ।

फरक यति मात्र हो कि, पार्टी विभाजनको मुख्य दोष आफू हुन पर्दैन र पार्टीको आधिकारिकता पनि आफैँसँग रहन्छ । अर्थात् पार्टीको मूलधार आफैँसँग रहन्छ । सायद सभापति थापाले आफ्ना सल्लाहकार हरूबाट यही रणनीति अवलम्बन गर्ने सुझाव पाएका हुन सक्छन् । किनकि उनका पक्षधरहरूले विभिन्न मिडियामार्फत पस्किएका तर्कहरूले पनि यो अनुमानलाई पुष्टि गर्छन् । गगन थापाको वरिपरि रहेका युवाहरूको समूह सामाजिक सञ्जालमा हावी छ र प्रचार-प्रसार शैलीमा पोख्त पनि छ । तर, पार्टीको सरकारी आधिकारिकता मात्रै साध्य होइन भन्ने यथार्थ थाहा नपाउनु यो तप्काको गम्भीर राजनीतिक भूल हो ।

किनकि आधिकारिकता मात्रै साध्य हुन्थ्यो भने मोहनविक्रम सिंहको पार्टी खुम्चिँदै खुम्चिँदै यो हालतमा पुग्ने थिएन । चाहे जतिसुकै पटक पार्टी फुटोस्, पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नै आधिकारिकता पाउँदै आएका छन् र आधिकारिकता नपाउनेहरू बिलाउँदै गएका छन् । तर, जति धेरैपटक आधिकारिकता पाउँदा पनि प्रचण्डको राजनीति भने खुम्चिँदै गएको छ । त्यसो त नेपाली कांग्रेसको पछिल्लो विभाजनमा गिरिजाप्रसाद कोइरालाले आधिकारिकता पाएकै हुन् । पार्टी विभाजन गरेको देउवा समूह अस्तित्व रक्षाको यात्रामा अघि बढेको पनि हो । तर, कोइरालाले आधिकारिकतालाई भन्दा अन्य पार्टीहरूसँगको प्रतिस्पर्धालाई साध्य ठाने र उनले सम्मानजनक एकीकरणको बाटो तय गरे ।

वास्तवमा राजनीतिक दल भनेको कुनै व्यक्तिहरूको समूहलाई निर्वाचन आयोगले प्रदान गर्ने प्रमाणपत्र मात्र होइन, यो विचार, सिद्धान्त र गतिविधि पनि हो । नेपाली कांग्रेसभित्रको वर्तमान कलहलाई सैद्धान्तिक तथा वैचारिक मतभेद भनियो भने त्योभन्दा ठुलो मूर्खता अरू केही हुने छैन । सत्तामा को छिटो पुग्ने भन्ने सन्दर्भको विवादबाहेक यो अरू केही होइन । एकातिर गगन थापाले सत्तामा छिटो पुग्ने महत्त्वाकांक्षा राखे भने अर्कातिर अन्य अग्रजहरूले गगन थापाको महत्त्वाकांक्षालाई अवरोध पुर्‍याउने प्रयास गरे । यही टकरावको परिणाम थियो भृकुटीमण्डपको विशेष महाधिवेशन ।

गगन थापाको महत्त्वाकांक्षा अस्वाभाविक होइन र उनलाई रोक्न खोज्नेहरूको गतिविधि पनि अस्वाभाविक होइन, राजनीतिक प्रतिस्पर्धामा यस्तो भइरहन्छ । निर्वाचन आयोगले गरेको निर्णयलाई आधार मान्दा खेलाडी छनोट प्रतिस्पर्धामा गगन थापाले बाजी जितेकै हुन् । तर, जब उनी टिम लिडर भएर राष्ट्रिय खेलमा सामेल भए, तब नेपाली कांग्रेसले इतिहासकै ठुलो पराजय बेहोर्‍यो । यसको अर्थ हो - पार्टीभित्र गेम जिते पनि जनताले उनलाई अनुमोदन गरेनन् ।

निर्वाचन आयोगद्वारा मान्यता प्राप्त विशेष महाधिवेशनलाई जनताले अनुमोदन गरेनन्, यस हिसाबले थापा असफल टिम लिडर हुन् । तर, एकपटकको असफलता सधैँको असफलता हुन सक्दैन, असफलता भनेको पनि ठुलो पाठ हो । फेरि प्रतिस्पर्धामा सामेल हुने मौका थापाले पाउनै हुन्न भन्नु अन्याय हुन्छ । तर, फेरि पनि यही अवस्थाकै विभाजित कांग्रेस लिएर निर्वाचनमा जाने हो भने आउने परिणाम पनि पृथक हुने छैन ।

यदि लामो रेसको घोडा जस्तै अझै २-४ वटा निर्वाचनमा कांग्रेसको टिम लिडर बनेर होमिनु गगनको दीर्घकालीन रणनीति हो भने उनले आफ्नो कार्यशैलीलाई परिमार्जन गर्नैपर्छ । विगतमा शेरबहादुर देउवाले जे-जस्ता कार्यशैली र रणनीति अपनाए, तिनकै अनुसरण गरेर अघि बढ्दाको परिणाम अहिले थापाले बेहोरेका हुन् । हिजोको संस्थापन पक्षका जे-जे कमीकमजोरी औँल्याएर विशेष महाधिवेशनमार्फत पार्टी हातमा लिए, तिनै कमीकमजोरी अनुसरण गर्ने हो भने सभापति थापाको उपयोगितालाई जनताले थप अस्वीकृत गर्नेछन् ।

हिजो देउवाको ‘कोटरी’ मा पञ्चायती व्यवस्थाकी खेलाडी प्रतिभा राणा हावी हुनु गलत थियो भन्दा उनका समर्थकबाट गाली खानुपर्ने अवस्था थिएन । तर, आज गगनको कोटरीमा अर्जुननरसिंह हावी भएको कुरा उच्चारण गर्नासाथ असभ्य गालीगलौज सुरु हुने अवस्था छ । हिजो शेरबहादुर देउवाले विनोद चौधरीलाई हावी गराउँदा पैसाको चलखेल भएको प्रश्न सिधै उठाउन सकिन्थ्यो । आज गगन थापाले तिनै चौधरीलाई अघि सारेको कुरा उठाउँदा कुटाइ खाने डरले कांग्रेसका इमानदार कार्यकर्ताहरू थरथरी काँपिरहेका छन् ।

हिजो दीपक खड्कालाई अवसरमाथि अवसर थप्दै जाँदा आर्थिक चलखेल भयो भनेर सभापति देउवामाथि तृणमूल तहको कार्यकर्ताले समेत औँला ठड्याउन सकेको थियो । तर, आज गगन थापाले आफ्ना आर्थिक लगानीकर्ता तिलक रानाभाटलाई अघि सार्दै गर्दा प्रश्न उठाउन सक्ने अवस्था छैन । सारमा भन्नुपर्दा, कांग्रेसको अहिलेको विभाजन पार्टीका क्याडरहरूको भन्दा पनि स्वार्थ समूहका व्यक्तिहरू बीचको टकरावको परिणाम हो ।

उदाहरणका लागि, एमालेले चन्दा लिएर विनोद चौधरीलाई सांसद बनायो, तर मन्त्री बनाउन कञ्जुस्याइँ गरेपछि उनी त्यसपछिको चुनावमा रातारात कांग्रेस बनेर समानुपातिक कोटाबाट सांसद भए । सांसद हुनासाथ उनले देउवासँग मन्त्री पद खरिद गर्न खोजे, तर त्यतिबेला देउवाले दुई वटा सर्त राखे । पहिलो सर्त थियो - पार्टीको केन्द्रीय सदस्य बन्नुपर्ने र दोस्रो - प्रत्यक्ष निर्वाचित सांसद बन्नुपर्ने । पार्टीको विधान मिचेरै चौधरी केन्द्रीय सदस्य बन्दा र सिनियरलाई मिचेर नवलपरासीबाट टिकट पाउँदा पनि प्रश्न नउठेको होइन । किनकि त्यतिबेला कांग्रेसभित्र प्रश्न गर्नेमाथि यसरी खुलेआम आक्रमण हुँदैनथ्यो ।

तिनै विनोद चौधरीको हालीमुहाली अहिले गगन थापाको समूहमा छ । केन्द्रीय सदस्य र प्रत्यक्ष निर्वाचित सांसद बन्नुपर्ने सर्त पूरा गर्दागर्दै पनि देउवाले मन्त्री नबनाइदिएका कारण चौधरी गगन थापाको मुख्य आर्थिक लगानीकर्ता बनेका हुन् भन्ने कुरा ‘ओपन सेक्रेट’ जस्तै छ । त्यसैले नेपाली कांग्रेसभित्रको यो रडाको केवल सैद्धान्तिक मतभेद भन्दा पनि शक्ति सञ्चय र स्वार्थ समूहहरू बीचको टकराव मात्र हो ।

सत्ता र शक्ति जति टाढा हुँदै जान्छ, यो स्वार्थ समूहले पनि त्यसरी नै साथ छाड्दै जान्छ भन्ने पाठ सिक्न नसक्नु थापाको मुख्य कमजोरी हो । ‘दलाल’ प्रवृत्तिको हालीमुहाली नेपाली कांग्रेसभित्रको शक्ति संघर्षको सबैभन्दा कुरूप तर यथार्थपरक पाटो हो । यो पाटोमा देउवा मात्र चुर्लुम्म डुबेका थिए, गगन थापाचाहिँ चोखा छन् भन्नु कांग्रेसभित्रको यथार्थ नबुझ्नु हो । हिजो देउवालाई दुरुपयोग गर्ने अवसरवादीहरूको ठुलो झुण्ड एकाएक भृकुटीमण्डप किन पुग्यो ? किनकि देउवा अस्ताउँदा र गगन थापा उदाउँदा मात्र आफू नेता हुन सकिन्छ भन्ने उनीहरूको बुझाइ थियो ।

पार्टीमा जब राजनीतिक एजेन्डाहरू ओझेलमा पर्छन्, तब केवल ‘ दलालहरूको व्यवस्थापन’ नै नेतृत्वको मुख्य कार्यभार बन्न पुग्छ । फरक यत्ति हो कि, हिजो दलालहरूको व्यवस्थापन देउवाले गरिरहेका थिए, आज थापाले गरिरहेका छन् । विशेष महाधिवेशनमा सभापति थापाले दिएको ‘परिवर्तन’ र ‘पुस्तान्तरण’ को नारा कम आकर्षक थिएन, तर उनले देउवाकै काँध गनाउने दलालहरूकै साथ लिएर यो नारा पूरा गर्छु भन्दा जनताले पत्याएनन् ।

देउवाको घेरा तोडेर आफ्नो वर्चस्व स्थापित गर्न खोज्ने नयाँ र महत्त्वाकांक्षी व्यापारिक समूहहरूले गगन थापालाई ‘लगानी’ गरिरहेको कुरा जनताले बुझे । तर, थापाका कतिपय समर्थकहरू यो मामिलामा या त बेखबर छन्, या त अन्धभक्त बनेका छन् । कांग्रेसभित्रको झगडा विचारको होइन, बरु ‘कुन दलालले कुन ठेक्का पाउने’ वा ‘कुन समूहले नीतिगत भ्रष्टाचारको बाटो खोल्ने’ भन्नेमा केन्द्रित छ । अब केही वर्षका लागि सत्ता टाढा भएकाले यी दलालहरूले स्वतः गगन थापाको साथ छाड्दै जानेछन् । किनकि पर्दा पछाडिबाट अमुक व्यापारी वा विदेशी एजेन्टहरूले आफ्नो अनुकूलको नेतालाई अघि सारेर अर्को समूहलाई सिध्याउने खेल सत्तारूढ तथा निकट भविष्यमा सत्तामा पुग्ने सम्भावना भएको पार्टीमा मात्र गर्छन् ।

# फेरिँदो तिब्बत र थातथलोको याद


राममणि पोखरेल

भारतको नाम चलेको सहर बनारस आएको सात दिन नाघेको थियो । फागुन महिनाका दिन थिए । बनारसमा गर्मी बढ्दै थियो । म घर फर्किने सुरसारमा थिएँ । नेपाल र बनारसको सम्बन्ध ऐतिहासिक मानिन्छ । शिक्षा, तीर्थ र राजनीति मुख्य रूपमा जोडिएका विषय भनिन्छन् ।

बनारसको हिन्दु विश्वविद्यालयमा पढ्न आउने थुप्रै नेपाली थिए र छन् पनि । कतिपय यहीँ पढेर काम गर्ने पनि थिए । युद्धप्रसाद मिश्र, ईश्वरवल्लभ बराल आदि भने बनारसका अनेकौँ गंगातटीय घाटमा स्नान गर्न र विश्वनाथ मन्दिरको दर्शन गर्न आउँथे । भारत धर्मनिरपेक्ष देश भए तापनि बनारस हिन्दु धर्मको बाहुल्य भएको सहर मानिन्छ । तेस्रोमा राजनीति - नेपालका राणाशासकविरुद्ध नेपाली राजनीतिज्ञले यहीँबाट राणाविरोधी संघर्ष प्रारम्भ गरेका थिए भने पछि पञ्चायती व्यवस्था विरोधी आन्दोलन पनि यहीँबाट सुरु भएको थियो । प्रजातन्त्रका योद्धा बिपी कोइराला, वामपन्थी नेता मनमोहन अधिकारी र पुष्पलालले यहीँबाट मार्क्सवादी दर्शनको प्रचार प्रारम्भ गरेका थिए ।

इलाहावादबाट जोगवनी जाने ट्रेन आउन अझै एक घण्टा समय बाँकी थियो । स्टेसनमा यात्रुहरू छटपट-छटपट गर्दै थिए । मलाई सिटमा बस्न मन लागेको थिएन । हिँड्दा-हिँड्दा गोडा गलिसकेका थिए । हातमा एउटा झोला थियो, अरू पोका-पुन्तरा केही थिएनन् । बोल्ने साथी कोही थिएन । प्लेटफर्ममा निकै भिड थियो । बनारस जक्सन भएकाले पनि भिड हुनु स्वाभाविकै थियो ।

स्टेसनमा घुम्दै चारैतिर आँखा डुलाउँदै थिएँ । झट्ट उत्तर दिशातिर पाँच जना नौला अनुहारका व्यक्तिहरू देखिए । उनीहरू वास्तवमा मूल भारतीय होइनन् कि जस्तो लाग्यो । उनीहरू मणिपुर वा इम्फालका बासिन्दा हुनुपर्छ, अथवा नेपालको हिमाली क्षेत्रका शेर्पा हुनुपर्छ वा छिमेकी मुलुक उत्तरको मित्र तिब्बतका हुन् कि भन्ने तर्क पनि गर्न सकिन्थ्यो ।

तिनीहरू स्टेसनको बीचमा राखिएको बेन्चमा बसेका थिए । एक जना अधबैँसे महिला, एक जना तरुणी र तीन जना खाइलाग्दा युवाहरू थिए । तिनीहरूसँग परिचय गर्नुपर्‍यो भनेर म उतैतिर लागेँ । अरू सबै काला मधेसी वा भारतीय अनुहारका थिए । ती मंगोल अनुहारका व्यक्तिहरू नजिकै गएर म उभिएँ । उनीहरू आफ्नै भाषामा गफिँदै थिए । उनीहरूको बोली बुझिँदैनथ्यो, ‘चुनचुन, छ्या छ्या, चोलोलोमो’ जस्ता शब्दहरू उकेल्दै थिए । मैले कान थापेर सुनेँ । उनीहरूले बोल्ने क्रममा ‘नेपाल’ शब्द प्रयोग गरेको मेरो कानमा ठोक्कियो ।

मैले ती पाँचै जनालाई नियालेर हेरेँ । उनीहरूले पनि मलाई हेरे । तर, झट्ट केही बोलेनन् । स्टेसनमा देखिएका अन्य मानिसको तुलनामा मेरो अनुहार फरक थियो । बसेको ठाउँबाट एक जना युवक उठ्यो र मतिर पाइला सार्‍यो । म नजिकै थिएँ । अन्यत्र जाने ट्रेनहरू सिटी दिँदै इन्जिनबाट धुवाँको मुस्लो निकालिरहेका थिए ।

बसेको ठाउँबाट उठेका युवकलाई मैले सोधेँ । उनी र म एकै लहरमा आमने-सामने उभियौँ । उनले अलि लटपटिएको भाषामा जवाफ दिए, ‘ हामी काठमाडौँ जाने, टिकट लिएको छैन, कताबाट जाँदा सजिलो हुन्छ ?’ ती भाइको कुरा सुनेपछि म गम्भीर भएँ । ती पाँचै जना तिब्बती रहेछन् । काठमाडौँ जाने तयारी र बाटो ठम्याउने प्रयत्न गर्दै रहेछन् । उनीहरूलाई विराटनगर हुँदै लैजानुपर्छ भन्ने मलाई लाग्यो ।

मैले सोधेँ, ‘तपाईं हरू कति जना काठमाडौँ जान ?’ म नेपाली हुँ, ‘म पनि विराटनगर जाँदै छु । अब थोरै समयमा ट्रेन यहीँ आइपुग्छ ।’ बसेको ठाउँबाट अरू दुई युवक पनि म नजिक आए । उनीहरूले मसँग हात मिलाउन खोजे, मैले पनि हात अगाडि बढाएँ ।

हामी ४ जना अर्को बेन्चमा गएर बस्यौँ । मैले नम्रतापूर्वक पुनः सोधेँ र उनीहरू तिब्बती नै भएको पक्का भयो । मैले भनेँ, ‘काठमाडौँ जानुहोस्, तर विराटनगर जाने ट्रेनको टिकट लिनुहोस्, हामी सँगै जाऔँ । म विराटनगर पुगेपछि तपाईंलाई जहाजको टिकट लिन सहयोग गर्नेछु ।’

तीन जना युवकमध्ये एक जनाले यसरी आफ्नो वृत्तान्त सुनाए, ‘हामी तिब्बतबाट कुनै दिन भागेर धर्मगुरु दलाई लामालाई भेट्न आएका थियौँ । धर्मगुरुलाई भेट्यौँ र केही दिन बस्यौँ पनि । बनारसको सारनाथ भन्ने ठाउँमा हाम्रा तिब्बती मानिसहरू बस्छन्, उनीहरूलाई भेटेर बिदा भएका छौँ । हामीलाई हतार छ, काठमाडौँ पुग्नु छ । हाम्रा गुरु दलाई लामा र उनका चेलाहरू यहीँ बसेका छन् । हामी आस्थाका कारण भेट्न मात्र आएका हौँ । यहाँ बस्ने इच्छा छैन, बस्न पनि सक्दैनौँ ।’ उनले थपे, ‘तिमी नेपाली रहेछौ, हामी एउटै ट्रेनमा काठमाडौँ जाऔँ ।’

तत्कालै मैले एक जना युवकको हात समातेर टिकट काउन्टरतिर लागेँ । उनले पैसा झिकेर पाँचै जनाको जोगवनीसम्मको टिकट लिए । म सहयोगी भएँ । मलाई लाग्यो, उनीहरूलाई एउटै डब्बामा राख्ने योजना मिलाउनुपर्छ र म त्यही कोसिसमा लागेँ ।

झन्डै पाँच मिनेटमा ट्रेनको सिग्नल भयो । माइकबाट घोषणा गरियो - ‘ जोगवनी जाने १२ नम्बर ट्रेन आइरहेको छ ।’ यात्रुहरू टिकट लिएर ट्रेन चढ्न हतारिँदै थिए । स्टेसनका कुल्लीहरू यात्रुलाई डब्बामा चढाउन पैसा माग्दै थिए र पोका बोक्न सघाउँदै थिए । मैले उनीहरूलाई मनाही गरेँ र हामी आफैँ सहज तरिकाले डब्बामा प्रवेश गर्‍यौँ ।

स्टेसनका कुल्लीहरू ‘भोटिया पैसा दो, भोटिया पैसा दो’ भन्दै उनीहरूको हात समात्न खोज्दै थिए । मैले हिन्दी भाषामा ती कुल्लीलाई हप्काएँ, ‘तुम लोगोको सहयोग हमें नही चाहिए ।’ हामी ६ जना खाली सिटमा बस्यौँ । ट्रेनले चाँडै गति लियो । डब्बा यात्रुले भरिभराउ थियो । मेरो उनीहरूसँग कुराकानी सुरु भयो । ती पाकी महिला केही वर्षअघि मात्र तिब्बतबाट बाहिरिएकी रहिछन् । ती युवाहरूमध्ये एक जना उनका छोरा, एक भान्जा र एक छिमेकी रहेछन् । उनीहरू पछि तिब्बतबाट नेपाल हुँदै भारत प्रवेश गरेका रहेछन् । कुराकानीका क्रममा ती महिलाले भनिन्, ‘ पहिले-पहिले नेपालमा हामी तिब्बतीलाई तीन वर्ष बसेपछि परिचयपत्र बनाइदिने व्यवस्था थियो । तर केही वर्षयता नेपाल सरकारले त्यो परम्परा हटायो । हाम्रा सन्तान अलपत्र पर्न थाले ।’

‘बोर्डिङमा पढाउन बाधा परेको छ, व्यवसाय गर्न कठिन छ । हामी भारतमा धेरै समय बिताउनै सक्दैनौँ । यहाँ बाँच्न कठिन छ, यी भारतीयसँग व्यवहारै मिल्दैन । परिचयपत्र पाए नेपालमै बस्ने, नत्र आफ्नै देश फर्कने’, उनीहरूको तर्क थियो ।

ती महिलाको नाम झ्योङ रहेछ । केटाहरूको नाम बताएका थिए तर मैले बिर्सें । अर्की छोरी भने केही बोलेकी थिइनन् । बनारसबाट निकै पर आएपछि उनीहरूले पोकाबाट खानेकुरा झिके, जसमा सातुका डल्ला थिए । उनीहरूले मलाई पनि दिए, मैले गाह्रो नमानी खाएँ । उनीहरूमा ‘दिएर खाने’ राम्रो संस्कृति रहेछ भन्ने मलाई लाग्यो ।

भोलिपल्ट हामी जोगवनी ओर्लियौँ । भन्सार कटाउन मैले उनीहरूलाई सहयोग गरेँ । नेपाल प्रवेश गरेपछि हवाई टिकटको प्रबन्ध मिलाउन म उनीहरूलाई एजेन्सीसम्म पुर्‍याइदिएँ । बिदा हुने समयमा ती महिलाले मेरो मोबाइल नम्बर मागिन् । उनले भनिन्, ‘काठमाडौँको बौद्धमा हाम्रा नाताका मानिस छन्, उनीहरूलाई भेटेपछि तिमीलाई फोन गराउँला । सहयोगका लागि धन्यवाद ।’ उनी हाँसिन् ।

ती युवाहरूले हात जोडेर नमस्कार गरे । म बिदा हुन लाग्दा झ्योङले भनिन्, ‘हामी एक महिना नबित्दै आफ्नै मुलुक तिब्बत फर्कन्छौँ । हाम्रो गाउँमा सडक बनेको छ, साना घरेलु उद्योग सञ्चालनमा छन् । हाम्रो तिब्बतको यस्तो कुनै गाउँ छैन, जहाँ बिजुली र सडक नपुगेको होस् ।’

धेरै वर्षअघि तिब्बतबाट नेपाल छिरेका व्यक्तिहरूलाई कतिपय गैरसरकारी संस्थामार्फत उग्र गतिविधि गर्न उक्साइने कुराप्रति उनीहरूको असन्तुष्टि थियो । ‘मातृभूमि छाड्नु गलत कार्य हो,’ झ्योङको अन्तिम तर्क थियो । उनको कुरा सुनेर मलाई लाग्यो - आफ्नो देशको विकास र स्वाभिमानभन्दा ठुलो अरू केही हुँदैन ।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | सुख । | मिथुन | बाधा । | सिंह | असन्तोष । | तुला | हानि । | धनु | राज्य सुख । | कुम्भ | अपच । |
| वृष | धन हानि । | कर्कट | सहवास । | कन्या | आनन्द । | वृश्चिक | आर्थिक लाभ । | मकर | हानि । | मीन | धन लाभ । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौँ
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# कसीमा रास्वपा सरकारको शिक्षा नीति !

## निकै उत्साहका साथ सरकार बनाएको रास्वपाले अगाडि सारेको शिक्षा नीतिलाई युवा शिक्षा मन्त्री सस्मित पोखरेलले कति पूरा गर्न सक्लान् त्यो भने आउने दिनमा देखिने छ ।

■ चमिना भट्टराई

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा अत्यधिक बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' शुक्रबार नेपालको ४३औँ प्रधानमन्त्री नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेताका रूपमा उनलाई पद तथा गोपनीयताको शपथ दिलाएसँगै उनको मन्त्रीमण्डल पनि बनेको छ । तर रास्वपाले जुन ऐतिहासिक जनमत पाएको छ, उसका सामु चुनौतीका चाङ पनि उत्तिकै छन् । त्यसैले उसको वाचापत्रदेखि सरकारले बनाउने नीतिमा जनताले गहिरिएर चासो लिएका हुन्छन् । छोटो समयमा उदाएर सफलताको चुचुरो नजिक पुगेको रास्वपाले आफ्नो सफलता कति कायम राख्न सक्छ त्यो पनि गम्भीर विषय छ । जनताले दिएको अपार विश्वासमा उसको अडान कति चट्टानी हुनेछ ?

अकल्पनीय रूपमा पाएको अवसरलाई बालेन सरकारले जिम्मेवारीपूर्वक उपयोग गर्दै प्रमाणित गर्नुपर्ने चुनौती छ । त्यसमा सरकार कति सफल हुने, जनताको भावनाको कति कदर गर्ला ? अनेक आंशका र प्रश्न छन् । त्यसैले सरकार बन्दै गर्दा उसले वभिन्न क्षेत्रमा गर्ने नीति प्रधान बन्ने गर्छ । त्यसैको आधारमा दलप्रति जनताको विश्वास हुन्छ ।

शासनको बागडोर सम्हालिरहेको रास्वपाको शिक्षा क्षेत्रको नीति कस्तो छ ? यो मुलुकका लागि महत्त्वपूर्ण विषय हो । पछिल्ला वर्षहरूमा बर्सेनि पढाइ र कमाइका लागि लाखौँको संख्यामा युवा बिदेसिनुपर्ने बाध्यता हाम्रो मुलुकको छ । यो मुलुकका लागि ठुलो चुनौती हो । यसअघि बन्ने सरकारहरुले पनि यो विषयमा कुरा उठाए पनि समस्या क्रमशः बढ्दो अवस्थामा छ । तर, यही विषयलाई केन्द्रमा राखेर रास्वपाले युवा पलायन रोक्न विशेष शिक्षा नीति अंगीकार गर्न लागेको उसको वाचापत्रबाट स्पष्ट हुन्छ । रास्वपाको वाचापत्रमा समेटिएका रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारहरूमा अबको शिक्षा क्षेत्र कस्तो हुने विषय उल्लेख छ ।

### पूरा हुनेमा शंका छ



● **डा.विद्यानाथ कोइराला**, *शिक्षाविद्*

सरकारले ल्याएको शिक्षा नीतिमा विमति छैन । तर, प्रक्रियामा भने विमति छ । उदाहरणको रूपमा महिनादिनमै परीक्षाको रिजल्ट गर्ने भन्ने छ । कुरो राम्रो छ, सके त १५ दिनमै वा त्यही शिक्षकले कापी जाँचेर रिजल्ट गरे अझ राम्रो हुन्थ्यो । यसमा एउटा मापदण्ड बनाएर विद्यार्थीको क्षमताको ग्यारेन्टी गर्ने व्यवस्था गर्नसके हुने काम हो । गुणस्तरको कुरा गरिएको छ । तर, गुणस्तर भनेको के हो ? त्यसको कायम गर्ने कसले हो ? त्यसबारेमा केही बोलिएको छैन । व्यवसायिकताको बारेमा केही बोलिएको छैन । दलीयता नराख्ने भनिएको छ । यो राम्रो कुरो हो, तर, अहिले भएका दलले त्यसलाई मान्लान् ? यसमा कम्तिमा दलीय सिद्धान्तको संवाद गर्ने थलो कहाँ हो ? विद्यार्थीले संसदीय अभ्यास गर्ने ठाउँ कहाँ हो ? कसले गर्ने हो ? विद्यार्थीले इस्युहरू कसरी उठाउने हो ? विद्यार्थीले आफ्नो अधिकारका बारेमा संगठित हुने कसरी हो ? यसको बारेमा संवाद नै नगरी काम गरेकाले यसमा अलिकति विमति छ ।

चिन्तनगत हिसाबले राम्रो छ । केही गरौँ भन्ने कुरामा सम्मान छ । तर कसरी गर्ने भन्नेमा शंका छ । शिक्षकहरूको ट्रेड युनियन अधिकारका कुरा गर्छन् । यो भनेको तीन प्रकारको हुने रहेछ । पहिलो, श्रमिकको, दोस्रो राजनीतिक ढंगको, तेस्रो पेसामा लाग्नेको । त्यसको कामको बारेमा नबुझाइ कामै हुँदैन । यसमा प्रधानमन्त्री र शिक्षामन्त्रीले के बुझ्नुभएको छ ? यसलाई कसरी व्यवस्थापन गर्छन् भन्ने प्रश्न छ । त्यो प्रश्नको उत्तर आएमा सरकारको शिक्षा नीति समाधान हुन्छ नत्र हुँदैन ।

शिक्षाको सुविधामा कस्तो प्रकारको योजना आउँछ त्यो पनि हेर्नुपर्छ । यसमा पनि प्रष्ट छैन । यी विषयमा संवाद कम भएको लाग्छ । प्रधानमन्त्रीले सचिवहरूलाई भनिसक्नु भएको छ, मन्त्रीलाई नपढाउनु भनेर । त्यसो नभनेको भए हुन्थ्यो । उहाँ आफैँ सबै जान्ने छु भन्ने ठान्नुहुन्छ । उहाँहरूले आफूसँग नभएको अनुभव सिक्नुपर्ने हो, त्यो देखिँदैन । शिक्षामन्त्रीकै कुरा गर्ने हो भने, ट्युसन सेन्टरको बारेमा आज बन्द गर्ने, भोलि खोल्ने भनेको छ । कति स्पष्टीकरण दिने हो । यसले सरकारको सरोकारवालासँग छलफल गर्नुपर्ने हो त्यो भएको छैन । सबै कुरामा आफ्नै पाराले काम गरेको देख्दा भद्रगोलमा पार्ने हो कि भन्ने लाग्छ । त्यसैले यो कति पूरा हुन्छ भन्नेको शंका छ ।

### सातै प्रदेशमा 'बृहत् सीप केन्द्र'

आगामी ५ वर्षभित्र नेपाललाई विश्वको भरपर्दो सूचना प्रविधि निर्यात गन्तव्य र दक्ष युवाहरूको देशका रूपमा स्थापित गर्ने प्रतिबद्धता रास्वपाले आफ्नो वाचापत्रमार्फत व्यक्त गरेको छ । त्यसमा उल्लेख भएअनुसार कक्षा १२ उत्तीर्ण गर्ने प्रत्येक विद्यार्थीमा बजारले खोज्ने व्यावसायिक सीप प्रमाणपत्र सुनिश्चित गरिनेछ । यस्तै सातै प्रदेशमा बृहत् सीप केन्द्रमार्फत युवा पलायनलाई रोक्ने वातावरण बनाइने भनिएको छ ।

सूचना प्रविधि निर्यातलाई वार्षिक ५० अर्ब माथि पुऱ्याउँदै 'डिजिटल नोम्याड' का लागि उच्च गतिको इन्टरनेट र को-वर्किङ स्पेससहितको पूर्वाधार निर्माण गरी नेपाललाई दक्षिण एसियाकै उत्कृष्ट प्रविधि केन्द्र बनाउने भन्न पनि उसले भ्याएको छ । रास्वपाले आगामी ५ वर्षभित्र निजीसहितको शिक्षालाई अगाडि बढाउने बताएको छ । निजी लगानीका शिक्षालाई पूरकका रूपमा स्थापित गर्दै शिक्षा क्षेत्रलाई पूर्ण रूपमा राजनीतिमुक्त गर्दै अगाडि बढ्ने योजना रास्वपाको देखिन्छ ।

यसैगरी शिक्षा क्षेत्रलाई उँभो नलगाई देशले कुनै पनि क्षेत्रमा फड्को मार्न नसक्ने यथार्थलाई मनन गरी रास्वपाले आफ्नो सोचपत्रमा आगामी ५ वर्षभित्र राजनीतिमुक्त गुणस्तरीय शिक्षा उपलब्ध गराउने दाबी गरेको छ । उसले गरेका दावी र वाचा आउने दिनमा व्यवहारमा कसरी उत्रन्छ, त्यो भने हेर्दै जानुपर्ने हुन्छ ।

#### सरकारको १०० बुँदे कार्यसूचीमा शिक्षा

- शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिनभित्र 'स्टुडेन्ट काउन्सिल/भ्वाइस अफ स्टुडेन्ट' संयन्त्रको विकास गर्ने ।
- विश्वविद्यालयहरूबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डरअनुसार निकाल्ने ।
- विद्यार्थीहरूलाई स्नातकसम्मको अध्ययन गर्न नागरिकता नचाहिने गरी विश्वविद्यालयहरूले आवश्यक कार्यविधिगत व्यवस्था तत्कालै गर्ने ।
- कक्षा ५ सम्मका विद्यार्थीहरूलाई आन्तरिक परीक्षा लिने कार्य आगामी शैक्षिक सत्रदेखि बन्द गर्ने । उनीहरूलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने खालको मूल्यांकन प्रणालीबारे विकल्प तयार गर्ने ।

'सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार ल्याउन आगामी २ दशकसम्म उल्लेख्य लगानी थप्दै गुणस्तर वृद्धि गर्नेछौँ,' वाचापत्रमा उल्लेख छ, 'निजी क्षेत्रद्वारा प्रदान गरिँदै आएको शिक्षालाई सार्वजनिक शिक्षाको पहुँच र गुणस्तरको परिपूरकका रूपमा स्वीकार गर्नेछौँ ।' शिक्षा क्षेत्रलाई थप सेवामुखी, उत्तरदायी र गुणस्तर-केन्द्रित बनाउन समग्र पुनरवलोकन तथा आवश्यक नीतिगत सुधार गर्दै लगिने पनि त्यसमा उल्लेख छ ।

यसैगरी निजी शैक्षिक संस्थाहरूको शुल्क संरचना, सेवा मापदण्ड, शिक्षक योग्यता, पूर्वाधार र शैक्षिक परिणामका आधारमा नियमन तथा अनुगमन प्रणाली सुदृढ गर्दै शिक्षालाई नाफामुखीभन्दा सेवामुखी क्षेत्रका रूपमा व्यवस्थित गर्दै समान अवसर, पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्ने ठोकुवा रास्वपाले गरेको छ । यसअघिका राजनीतिक दलहरूले कसैले निजी लगानीलाई सार्वजनिक गर्ने त कसैले निजीलाई बिस्तारै बन्द गर्ने उल्लेख गर्दै आएका थिए । तर, व्यवहारमा भने नेपालको शिक्षा क्षेत्र सेवामुखी भन्दा नाफामुखीभन्दा बढी बन्दै आएको छ ।

### प्रत्येक प्रदेशमा नमुना समावेशी विद्यालय

वाचापत्रमा प्रत्येक बालबालिकाको सिक्न पाउने अधिकारलाई सुरक्षित राख्न हरेक प्रदेशमा कम्तीमा एउटा अत्याधुनिक नमुना समावेशी विद्यालय स्थापना गर्दै देशभरका सबै विद्यालयलाई क्रमशः पूर्णतः पहुँचयुक्त र समावेशी बनाउने लक्ष्य रहेको उल्लखे गरिएको छ । नवनियुक्त प्रधानमन्त्री शाहले चुनावी अभियानका क्रममा पनि सो कुरा राख्दै आएका थिए ।

नेपालमा पछिल्लो समय समस्याको रूपमा रहेको अटिजमलाई पनि उसले वाचापत्रमा समेटेको छ । 'विशेषगरी अटिजम र न्युरोडाइभर्सिटीलगायत अपांगता भएका बालबालिकाका लागि अत्यावश्यक अकुपेसनल, स्पिच र बिहेबियरल थेरापीजस्ता 'होलिस्टिक सेवा' एकीकृत गरी विद्यालय हाताभित्रै प्रदान गर्ने व्यवस्था गरिनेछ,' रास्वपाको वाचापत्रमा उल्लेख छ, 'अभिभावकहरूको आर्थिक र मानसिक बोझ कम गर्नेछौँ । शिक्षकहरूलाई विशेष सिकाइ आवश्यकता पहिचान र शिक्षणका लागि उच्चस्तरीय तालिमको व्यवस्था गरिनेछ ।'

यसैगरी अभिभावक सहायता कार्यक्रम र कृत्रिम बुद्धिमत्तायुक्त 'असिस्टिभ टेक्नोलोजी'को बृहत् प्रयोगमार्फत अपांगता भएका बालबालिकाको शिक्षा र सिकाइमा अवरोधरहित र पहुँचयुक्त सुनिश्चितता गर्ने प्रतिबद्धता पनि जनाइएको छ । उसले जनाएका वाचा व्यवहारमा लागु भएमा यसले राम्रो प्रतिफल दिनसक्ने देखिन्छ ।

### मेरिटका आधारमा प्राज्ञिक नियुक्ति र शिक्षक छनोट


शिक्षकलाई शिक्षाको मेरुदण्डका रूपमा स्वीकार गर्दै रास्वपाले योग्यता, क्षमता, निरन्तर पेसागत विकास र स्पष्ट जबाफदेहितामा आधारित प्रणाली लागूगर्ने प्रतिबद्धतासमेत जनाएको छ । प्राज्ञिक नियुक्तिहरू तथा शिक्षक छनोट, पदोन्नति र मूल्यांकन प्रक्रिया पारदर्शी र मेरिटमा आधारित बनाउने वाचापत्रमा उल्लेख छ । साथै, मौलिक सीप र कलालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न गुरु-चेला परम्परामा आधारित विशेष छात्रवृत्ति र तालिम कार्यक्रममार्फत सांस्कृतिक पुनर्जागरण अभियान सञ्चालन गर्ने पनि भनिएको छ ।

उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगार उन्मुख बनाउन विश्वविद्यालयहरूको पुनर्संरचनाको आवश्यकतामा रास्वपाले जोड दिएको छ । अगामी ५ वर्षभित्र विश्वविद्यालयहरूलाई प्रशासनिक रूपमा दक्ष, शैक्षिक रूपमा स्वायत्त र वित्तीय रूपमा उत्तरदायी बनाउँदै लाने नीति अख्तियार गर्ने योजना रास्वपाको छ । कार्यक्रमको दोहोरोपना अन्त्य, गुणस्तरमा सुनिश्चितता, अनुसन्धानमा प्रोत्साहन, उद्योग-शिक्षा सहकार्य तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप पाठ्यक्रम परिमार्जनमार्फत उच्च शिक्षालाई राष्ट्रिय विकाससँग प्रत्यक्ष रूपमा जोडिने नीति अवलम्बन गर्ने वाचापत्रमा जनाइएको छ ।

लाखौँ नेपाली विद्यार्थी उच्च शिक्षाको खोजीमा विदेश गइरहेका र हजारौँ नेपाली प्राध्यापक विदेशमा कार्यरत रहेका बेला एसियाको केन्द्रीय स्थान, आकर्षक परिदृश्य र हावापानीका साथै अन्य देशहरूसँगको शान्तिपूर्ण सम्बन्धका कारण नेपाल अन्तर्राष्ट्रिय स्तरमा उच्च शिक्षाको हब बन्न सक्ने सम्भावना रास्वपाले देखेको छ ।

विदेशी विश्वविद्यालय र नेपाली विश्वविद्यालयबिच दीर्घकालीन साझेदारी कायम गर्न र नेपालमा विदेशी विश्वविद्यालयहरूका आंगिक क्याम्पस र विदेशी डिग्री कार्यक्रमहरू सञ्चालन गर्न सरल बनाउने लक्ष्य रास्वपाले राखेको छ । विदेशी अध्यापक र विद्यार्थीहरूका लागि भिसा उपलब्ध गराउन सजिलो प्रक्रिया र विदेशी अध्यापकहरूलाई नेपालमा स्थायी बसोबास अनुमति प्राप्त गराउन द्रुत प्रक्रिया लागू गर्ने योजना पार्टीको रहेको पनि वाचापत्रमा उल्लेख छ ।

साथै विदेशमा कार्यरत नेपाली मूलका प्राध्यापक र अनुसन्धानकर्ताहरूलाई एकल सेमेस्टर वा स्थायी रूपमा नेपाल ५ वर्षभित्र फर्काउने कार्यक्रम पनि गर्ने लक्ष्य पनि रास्वपाको छ ।




### राजनीतिक आबद्धतामा प्रतिबन्ध

नेपालको शिक्षा क्षेत्रमा पछिल्लो समय निकै बहस भएको बिषय हो, 'विद्यालयहरुमा हुने राजनीतिक गतिविधि' । यो विषयमा बेलाबेलामा शिक्षामन्त्री र शिक्षक संगठनका बीचमा मतभेतसमेत हुने गरेको छ । कतिको बुझाइमा राजनीति हस्तक्षेपले शिक्षा क्षेत्र विकृत भएको छ भने, कतिको बुझाइमा जे भइरहेको छ जायज छ । यसलाई रास्वपाले आफ्नो वाचापत्रमा प्रष्ट पारेको छ । विश्वविद्यालय र विद्यालयहरूलाई दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्न शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने प्रतिबद्धता रास्वपाको छ ।

यसैगरी विद्यार्थी संगठनमार्फत हुने अराजकता, तोडफोड, जबरजस्ती बन्द र शैक्षिक वातावरणमा अवरोध सिर्जना गर्ने गतिविधिलाई नियन्त्रण गर्न शैक्षिक संस्थाभित्र दलगत राजनीतिक कार्यक्रम पूर्ण रूपमा निषेध गर्ने सोच रास्वपाले राखेको छ । विद्यार्थीहरूको विचार अभिव्यक्ति, नेतृत्व विकास र रचनात्मक सहभागितालाई प्रोत्साहन गर्न गैरदलीय, प्राज्ञिक विद्यार्थी प्रतिनिधित्व प्रणाली विकास गर्ने पनि बताइएको छ । यसबाट लोकतान्त्रिक अभ्यासलाई संरक्षण गर्दै शैक्षिक वातावरणलाई अनुशासित र मर्यादित बनाउन सकिने विश्वास रास्वपाले लिएको छ ।

निकै उत्साहका साथ सरकार बनाएको रास्वपाले अगाडी सारेको शिक्षा नीतिलाई युवा शिक्षामन्त्री सस्मित पोखरेलले कति पूरा गर्न सक्लान् त्यसलाई आउने दिनमा देखिने छ । अहिलेका लागि यो सरकारले बनाएको शिक्षा नीति अझ चुनावका बेला वाचापत्रका आधारमा के कति अगाडि बढ्ने छ त्यो समयले देखाउने छ । यसमा प्रश्न गर्ने ठाउँमा पनि अनेक छ ।


**शुक्लागण्डकी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुलेगौंडा, तनहूँ**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयपत्र**

**(सूचना प्रकाशित मिति :- २०८२/१२/१९)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुदाँ तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार स्वीकृतको लागि छनौट भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विवरण | प्याकेज नं. | बोलपत्रदाताको नाम र ठेगाना | बोलकबोल रकम (भ्याट र पि.एस. आइटम बाहेकमा) रु. | ल.ई. भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Old age building in Shukla Hilaetar Shiwalaya Mandir, Shuklagandaki-08,Tanahun | 43/NCB/WORKS/SMC/2082-083 | श्री क्षेत्रिय कन्स्ट्रक्सन प्रा. लि, मध्यपुर ठिमी, भक्तपुर | १७,३५,९०४.४२ | १८.८६% कम | |
| २ | Construction of Plain Sedimentation Tank and Slow Sand Filter 2Lps at Kapaseyatar Khanepani Yojana, Shuklagandaki-03,Tanahun | 44/NCB/WORKS/SMC/2082-083 | श्री अर्गौं कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. पोखरा-२७,अर्गौं | ३४,१७,६८७.९४ | १.६४% कम | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Nepal Government**
**Ministry of Water Supply**
**Department of water Supply & Sewerage Management**
**Water Supply & Sewerage Management Office**
**Besisahar, Lamjung**

**Invitation For Bid (IFB)**

**(Date of Publication: Thursday, April 2, 2026)**

Water Supply & Sewerage Management Office, Lamjung invites E-Bid from eligible bidders for following works under NCB.

| Contract Identification No. | Description | Estimated Amounts Nrs. (Exclusive of VAT and Contingencies) | Bid Security/ Bid Bond | Last Date of Bid Submission |
|---|---|---|---|---|
| IFB/10/2082/083/Goods/WSSMO/Lamjung | Supply And Delivery of GI Pipes and Fittings for Different Water Supply Projects | NRs. 9,672,560.00 | NRs. 2,70,000.00 | Sunday, May 3, 2026 |
| IFB/11/2082/083/Goods/WSSMO/Lamjung | Supply And Delivery of HDPE (PE-100) Pipes for Different Water Supply Projects | NRs. 7,159,428.00 | NRs. 2,00,000.00 | Sunday, May 3, 2026 |

Eligible bidders may obtain further information from Water Supply and Sewerage Management Office, Lamjung, (Tel:066-520110,520080, email: fwssmplamjung@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

*Office Chief*



**बेलौरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलौरी, कञ्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**आशय सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति: २०८२/१२/१८)**

यस कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत Procurement for Supply and Delivery of Hearse 1 (One) Unit कार्यका लागि मिति २०८२/११/१५ गते प्रकाशित सूचना अनुसार आह्वान गरिएको बोलपत्र (ठेक्का नं. BELMUN/NCB/GOODS/2082/083-02) मा सहभागी भएका बोलपत्रदाता मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही (Substantially Responsive) भई छनौट भएकोले, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**
- ठेक्का नं.: BELMUN/NCB/GOODS/2082/083-02
- कामको विवरण: Procurement for Supply and Delivery of Hearse 1 (One) Unit
- छनौट भएको बोलपत्रदाताको नाम: श्री Batas MAW Commercial Vehicles Pvt. Ltd.
- कबोल अङ्क (भ्याट सहित): रु. २७,७३,३००/- (अक्षरेपी: सत्ताइस लाख त्रियत्तर हजार तीन सय मात्र)

# वीर अस्पतालद्वारा हाजिरीमा कडाइ, ढिलो आए आधा दिन बिदा कटौती हुने

■ सौर्य समाचार

काठमाडौँ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल व्यवस्थापन समितिले हाजिरी व्यवस्थापनमा कडाइ गर्ने निर्णय गरेको छ । कार्यालय समयभन्दा ढिलो गरी उपस्थित भएमा कारणसहित सम्बन्धित विभाग वा समूहमा जानकारी गराउनुपर्ने र तोकिएको समय नपुगेमा आधा दिन बिदा कटौती हुने व्यवस्था गरिएको हो । चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ तथा प्रशासनिक कर्मचारीलाई कार्यालय समयमा अनिवार्य उपस्थित भई जिम्मेवारी पूरा गर्न निर्देशन दिइएको छ भने कुनै कारणवश अनुपस्थित हुनुपरेमा सम्बन्धित इन्चार्जमार्फत प्रशासनलाई जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ ।

कार्यालय समय आगामी १ वैशाखदेखि बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म र १५ कात्तिकदेखि १५ माघसम्म बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कायम गर्ने प्रस्ताव गरिएको छ । समितिको बैठकले अस्पतालको सेवा प्रवाह सुधार, अनुशासन कायम तथा व्यवस्थापन सुदृढीकरणका लागि विभिन्न १४ वटा महत्त्वपूर्ण निर्णय गरिएको अस्पतालका निर्देशक डा.दिलीप शर्माले जानकारी दिए । अस्पतालको सरसफाइ तथा अनुशासन सुधार गर्न सरसफाइ (क्लिनिलेन्स अडिट) र हाजिरी (अटेन्डेन्स अडिट) समिति गठन गरिएको उनले बताए ।

क्लिनिलेन्स अडिट समिति नर्सिङ प्रशासकका प्रमुख संगीता श्रेष्ठको संयोजकत्वमा र अटेन्डेन्स अडिट समिति सहायक निर्देशक डा.मीनचन्द्र अधिकारीको संयोजकत्वमा गठन गरिएको छ । यसैगरी चिकित्सकले बिरामीको पुर्जा, डिस्चार्ज विवरण तथा अन्य रिपोर्टमा आफ्नो नाम, एनएमसी नम्बर र हस्ताक्षर स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने नभए कानुन बमोजिम कारबाही हुने भनिएको छ । साथै सबै स्वास्थ्यकर्मीले परिचयपत्र वा एप्रोन अनिवार्य रूपमा लगाउनुपर्नेछ । व्यवस्थापन समितिले 'ओटी', 'क्याथ ल्याब' तथा बेलुकी सत्रमा खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिने विषय पनि अघि बढाइएको छ ।

फार्मेसी सेवामा सुधार गर्दै औषधिको उपलब्धता सुनिश्चित गर्ने तथा सेवाग्राहीलाई छिटोछरितो सेवा दिने व्यवस्था मिलाइने र उपलब्ध औषधिको स्टकबारे सेवाग्राहीलाई जानकारी दिने प्रणाली विकास गरिने बताइएको छ । अस्पतालका निर्देशक डा.शर्माका अनुसार बैठकले मन्त्रिपरिषद्को निर्णयअनुसार स्वास्थ्य क्षेत्र सुधारका लागि तय गरिएको शासकीय सुधार मार्गचित्रलाई कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने निर्णय गरेको हो । उनले यी निर्णयले वीर अस्पतालमा सेवा प्रवाहलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउने अपेक्षा गरिएको बताए ।

## स्वास्थ्य मन्त्रालयद्वारा १४ जना चिकित्सकको काज फिर्ता

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १४ जना चिकित्सकको काज फिर्ता गरेको छ । मन्त्रालयले डडेलधुरा अस्पताल, नारायणी अस्पताल वीरगन्ज र गजेन्द्रनारायण सिंह अस्पताल सप्तरीमा दरबन्दी रहेका तर अयन्त्र काज गरिरहेका १४ जना चिकित्सकको काज फिर्ता गरिएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए । उनका अनुसार स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले मन्त्रिस्तरीय निर्णय गर्दै पहिलो चरणमा नवौँ र १०औँ तहका १४ जना विशेषज्ञ चिकित्सकलाई उनीहरूको दरबन्दी रहेको अस्पतालमा फिर्ता पठाएका हुन् ।

डडेलधुरा अस्पतालमा ४ जना, नारायणी अस्पताल वीरगन्जमा ५ जना र गजेन्द्रनारायण सिंह अस्पताल राजविराज सप्तरीमा ५ जना विशेषज्ञ चिकित्सक फिर्ता भएका छन् । गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा डा.रोहिता बज्राचार्य, डा.जोसनलाल बज्राचार्य, डा.विशालकुमार देव, डा.प्रकाश ढकाल र डा.सुशील समदर्शी काज फिर्ता गरिएको छ । यस्तै, डडेल्धुरा अस्पतालमा डा.सन्तोषकुमार गुप्ता, डा.मिसन्ता शर्मा, डा. नवीनचन्द्र भट्ट, डा.सुयोग्य वाग्ले तथा नारायणी अस्पताल वीरगन्जमा डा.सोनीका धरी श्रेष्ठ, डा.सञ्जोग तिमिल्सिना, डा.अरुण ज्ञवाली, डा.मुकेश पौडेल र डा.दिपेश भट्टराईको काज फिर्ता गरिएको छ ।

# नयाँ वर्षको अवसरमा भक्तपुर महोत्सव हुँदै

■ सौर्य समाचार

काठमाडौँ । नयाँ वर्ष २०८३ तथा विस्काः जात्राको अवसर पारेर भक्तपुरमा १०औँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव' आयोजना गरिने भएको छ । औद्योगिक शान्ति नेपाल संस्था र मध्यपुर ब्वाइज ब्यान्डको आयोजनामा महोत्सव भक्तपुरस्थित सल्लाघारीमा यही २६ चैतदेखि आगामी ६ वैशाखसम्म सञ्चालन हुने बुधबार आयोजित पत्रकार सम्मलेनमा जानकारी दिइयो । भक्तपुरलाई उद्योग, संस्कृति र कृषि क्षेत्रको संगमका रूपमा स्थापित गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको संयोजक दीपक थापाले जानकारी दिए ।

महोत्सवमार्फत उपभोक्तालाई एउटै स्थानमा दैनिक उपभोग्य वस्तुदेखि आवश्यक सामग्रीसम्म सहज रूपमा उपलब्ध गराउनुका साथै स्थानीय उत्पादन, उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ । महोत्सवमा १८० भन्दा बढी प्रदर्शनीकक्ष रहनेछन् । ती प्रदर्शनीकक्षमा खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकला सामग्री बिक्री तथा प्रदर्शनीका लागि राखिनेछ । साथै औद्योगिक उत्पादन, सूचना प्रविधि, अटोमोबाइल, कृषि औजार, इलेक्ट्रोनिक्स तथा मोबाइल सामग्रीहरूको पनि प्रदर्शनी गरिनेछ ।

महोत्सवको विशेष आकर्षणका रूपमा 'लन्डन बिज'को प्रतिकृति (स्ट्याचु) राखिनेछ । महोत्सवमा बालबालिकाका लागि रोटे पिङ, ड्रागन ट्रेन, नाउलगायतका मनोरञ्जनात्मक खेल साधन व्यवस्था गरिनेछ । त्यसैगरी विभिन्न परिकारसहितको खाना महोत्सव, फेसन शो, नृत्य तथा हास्यव्यंग्य कार्यक्रम तथा राष्ट्रिय कलाकारको विशेष सागीतिक प्रस्तुति (विशेष कन्सर्ट) दैनिक रूपमा आयोजना गरिनेछ ।

महोत्सवले उद्योग, व्यापार, पर्यटन तथा सांस्कृतिक क्षेत्रको प्रवर्द्धन गर्नका साथै स्थानीय उत्पादनलाई बजार उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्ने आयोजक संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिए । महोत्सवअन्तर्गत आगामी वैशाख ५ र ६ गते ख्यातिप्राप्त कलाकार सहभागी सांस्कृतिक कार्यक्रम (कन्सर्ट) आयोजना हुनेछ । महोत्सवमा ५ करोड रुपैयाँभन्दा बढीको आर्थिक कारोबार हुने र २ लाखभन्दा बढीले अवलोकन गर्ने आयोजकको अनुमान छ ।


**Manufacturer : Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd., China**

**Supplier : Lifeline Trade International Pvt Ltd, Hattiban, Lalitpur.**

E-mail id: lifelinetradeinternational@yahoo.com Ph No : 4111702

**आर्थिक वर्ष २०८२-८३ र २०८३-८४ को मान्य दर**

**यस** Lifeline Trade International **प्रा.लि.बाट** Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd., China **को** Reagent , Chemical **र** consumable **को मूल्य सार्वजनिक गरिएको ब्योहोरा सर्वासधरंमा जानकारी गराईन्छ ।**

| Item Name | Pack size | MRP/Pack size |
|---|---|---|
| **Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd., CLIA Reagents, Calibrators, Controls, Consumables for Model : CL-900i/CL-1000i/CL-1200i/CL-2000i/CL-2600i/CL-8000i/M680/M1000** | | |
| Free Triiodothyronine | 2*100 T/Kit | 70,000.00 |
| Free Thyroxine | 2*100 T/Kit | 70,000.00 |
| Total Triiodothyronine | 2*100 T/Kit | 70,000.00 |
| Total Thyroxine | 2*100 T/Kit | 70,000.00 |
| Thyroid-Stimulating Hormone | 2*100 T/Kit | 70,000.00 |
| Thyroglobulin | 2*50 T/Kit | 105,800.00 |
| Antibody to thyroglobulin | 2*50 T/Kit | 154,800.00 |
| Antibody to thyroid peroxidase | 2*50 T/Kit | 146,500.00 |
| Reverse Triiodothyronine | 2*50 T/Kit | 153,000.00 |
| Anti-Thyrotropin Receptor Antibody | 2*50 T/Kit | 143,600.00 |
| Cancer Antigen 125 | 2*50 T/Kit | 69,300.00 |
| Carbohydrate Antigen 19-9 | 2*50 T/Kit | 95,200.00 |
| Total Prostate Specific Antigen | 2*50 T/Kit | 70,300.00 |
| Free Prostate Specific Antigen | 2*50 T/Kit | 77,700.00 |
| Carcinoembryonic Antigen | 2*50 T/Kit | 55,500.00 |
| Alpha-fetoprotein | 2*50 T/Kit | 52,700.00 |
| Ferritin | 2*50 T/Kit | 55,000.00 |
| Cancer Antigen 15-3 | 2*50 T/Kit | 96,600.00 |
| Cancer Antigen 72-4 | 2*50 T/Kit | 119,200.00 |
| CYFRA 21-1 | 2*50 T/Kit | 119,200.00 |
| Neuron-specific enolase | 2*50 T/Kit | 119,200.00 |
| Pepsinogen I | 2*50 T/Kit | 221,500.00 |
| Pepsinogen II | 2*50 T/Kit | 221,500.00 |
| Carbohydrate Antigen 50 | 2*50 T/Kit | 171,300.00 |
| Carbohydrate Antigen 242 | 2*50 T/Kit | 171,300.00 |
| Human Epididymal Protein 4 | 2*50 T/Kit | 325,000.00 |
| Squamous Cell Carcinoma Antigen | 2*50 T/Kit | 214,500.00 |
| ProGRP | 2*50 T/Kit | 321,700.00 |
| Gastrin-17 | 2*50 T/Kit | 132,700.00 |
| PIVKA-II | 2*50 T/Kit | 122,500.00 |
| S100 | 2*50 T/Kit | |
| H.pylori IgG | 2*50 T/Kit | |
| Total β Human Chorionic Gonadotropin | 2*50 T/Kit | 57,300.00 |
| Luteinizing Hormone | 2*50 T/Kit | 48,600.00 |
| Follicle Stimulating Hormone | 2*50 T/Kit | 47,200.00 |
| Prolactin | 2*50 T/Kit | 49,000.00 |
| Estriol | 2*50 T/Kit | 80,000.00 |
| Testosterone II | 2*50 T/Kit | 52,700.00 |
| Progesterone II | 2*50 T/Kit | 48,100.00 |
| Estradiol | 2*50 T/Kit | 94,800.00 |
| Anti-mullerian Hormone | 2*50 T/Kit | 317,900.00 |
| Sex Hormone Binding Globulin | 2*50 T/Kit | 1,25,000.00 |
| Insulin | 2*50 T/Kit | 95,200.00 |
| C-peptide | 2*50 T/Kit | 102,600.00 |
| Dehyroepiandrosterone sulfate | 2*50 T/Kit | 112,800.00 |
| Cortisol | 2*50 T/Kit | 96,600.00 |
| Adrenocorticotropic hormone | 2*50 T/Kit | 130,800.00 |
| Troponin I | 2*50 T/Kit | 141,000.00 |
| Myoglobin | 2*50 T/Kit | 90,100.00 |
| Creatine kinase MB | 2*50 T/Kit | 90,100.00 |
| B-type natriuretic peptide | 2*50 T/Kit | 403,800.00 |
| High Sensitivity Cardiac Troponin I | 2*50 T/Kit | 154,000.00 |
| N-terminal pro B-type natriuretic peptide | 2*50 T/Kit | 255,000.00 |
| High Sensitivity Cardiac Troponin T | 2*50 T/Kit | 127,600.00 |
| growth STimulation expressed gene 2 | 2*50 T/Kit | 229,800.00 |
| Parathyroid hormone | 2*50 T/Kit | 170,100.00 |
| Calcitonin | 2*50 T/Kit | 170,100.00 |
| 25-OH-Vitamin D Total | 2*50 T/Kit | 123,900.00 |
| Ferritin | 2*50 T/Kit | 55,000.00 |
| Vitamin B12 | 2*50 T/Kit | 157,100.00 |
| Folate | 1*50 T/Kit | 73,500.00 |
| Red Blood Cell Folate Releasing Reagent | 2*50 mL | 32,000.00 |
| Hepatitis B Surface Antigen | 2*50 T/Kit | 58,400.00 |
| Antibody to Hepatitis B Surface Antigen | 2*50 T/Kit | 53,200.00 |
| Hepatitis B e Antigen | 2*50 T/Kit | 53,200.00 |
| Antibody to Hepatitis B e Antigen | 2*50 T/Kit | 53,200.00 |
| Antibody to Hepatitis B Core Antigen | 2*50 T/Kit | 53,200.00 |
| Antigen and Antibodies to Human Immunodeficiency Virus | 2*50 T/Kit | 121,000.00 |
| Antibody to Treponema pallidum | 2*50 T/Kit | 100,000.00 |
| Antibody to Hepatitis C Virus | 2*50 T/Kit | 83,000.00 |
| Laminin | 2*50 T/Kit | 124,700.00 |
| Hyaluronic Acid | 2*50 T/Kit | 124,700.00 |
| N-terminal Peptide of Procollagen Type III | 2*50 T/Kit | 124,700.00 |
| Collagen Type IV | 2*50 T/Kit | 124,700.00 |
| Procalcitonin | 2*50 T/Kit | 340,000.00 |
| Interleukin-6 | 2*50 T/Kit | 233,400.00 |
| sCD14-ST | 2*50 T/Kit | 398,000.00 |
| Aldosterone | 2*50 T/Kit | 200,000.00 |
| Renin | 2*50 T/Kit | 175,000.00 |
| Rubella Virus IgM | 2*50 T/Kit | 111,780.00 |
| Rubella Virus IgG | 2*50 T/Kit | 111,780.00 |
| Toxoplasma gondii IgM | 2*50 T/Kit | 100,600.00 |
| Toxoplasma gondii IgG | 2*50 T/Kit | 100,600.00 |
| Cytomegalovirus IgM | 2*50 T/Kit | 122,900.00 |
| Cytomegalovirus IgG | 2*50 T/Kit | 122,900.00 |
| Herpes Simplex Virus-1 IgG | 2*50 T/Kit | 111,780.00 |
| Herpes Simplex Virus-2 IgG | 2*50 T/Kit | 111,780.00 |
| Herpes Simplex Virus 1+2 IgM | 2*50 T/Kit | 117,300.00 |
| Herpes Simplex Virus 1+2 IgG | 2*50 T/Kit | 117,300.00 |
| Toxoplasma gondii IgG Avidity | 2*50 T/Kit | 127,000.00 |
| Cytomegalovirus IgG Avidity | 2*50 T/Kit | 153,200.00 |
| Human Growth Hormone | 2×50 T/Kit | 78,300.00 |
| Insulin-like Growth Factor 1 | 2×50 T/Kit | 204,000.00 |
| Free T3 Calibrators | 3*2ml | 45,100.00 |
| Free T4 Calibrators | 3*2ml | 45,100.00 |
| Total T3 Calibrators | 3*2ml | 45,100.00 |
| Total T4 Calibrators | 3*2ml | 45,100.00 |
| TSH Calibrators | 3*2ml | 45,100.00 |
| Thyroglobulin Calibrators | 3*2ml | 45,100.00 |
